# नेपाल विद्युत प्राधिकरण

र

# फेदीखोला हाइड्रोपावर कम्पनी प्रा.लि.

बीच भएको

## फेदीखोला (थुम्लुङ्ग) जलविद्युत आयोजना (३.५२ मे.वा.)

बाट उत्पादन हुने

# विद्युत खरीद-विक्री सम्बन्धी सम्झौता
# (Power Purchase Agreement)

काठमाडौं, नेपाल
२०७५ आश्विन

# नेपाल विद्युत प्राधिकरण

र

# फेदीखोला हाइड्रोपावर कम्पनी प्रा.लि.

बीच भएको

## फेदीखोला (थुम्लुङ्ग) जलविद्युत आयोजना (३.५२ मे.वा.)

बाट उत्पादन हुने

# विद्युत खरीद-विक्री सम्बन्धी सम्झौता
# (Power Purchase Agreement)

काठमाडौं, नेपाल
२०७५ आश्विन

# बिषय – सुची


| | | पेज |
|---|---|---|
| प्रस्तावना | | १ |
| १. | परिभाषा र व्याख्या | १ |
| २. | सम्झौताको अवधी | ५ |
| ३. | आयोजना संचालन हुनु अधिका कार्यहरु | ५ |
| ४. | आयोजनाको निर्माण एवं परीक्षण | ५ |
| ५. | विद्युत खरीद बिक्री | ७ |
| ६. | सिन्क्रोनाइज गर्ने सम्बन्धी व्यवस्था | ७ |
| ७. | Black Start तथा Off Grid Mode मा संचालन गर्ने सम्बन्धी व्यवस्था | ७ |
| ८. | संचालन विधि | ७ |
| ९. | आयोजनाको संचालन, सम्भार सम्बन्धी अन्य कुराहरु | ८ |
| १०. | विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने | ९ |
| ११. | मिटरिङ व्यवस्था | ११ |
| १२. | विद्युत खरीद मूल्यदर | १२ |
| १३. | बिल र भुक्तानी | १३ |
| १४. | समन्वय समिति | १४ |
| १५. | काबु बाहिरको परिस्थिति | १४ |
| १६. | कम्पनीले दायित्व पुरा नगरेको मानिने अवस्था | १५ |
| १७. | प्राधिकरणले दायित्व पुरा नगरेको मानिने अवस्था | १६ |
| १८. | विघटन वा हक हस्तान्तरण सम्बन्धी व्यबस्था | १६ |
| १९. | दायित्व पुरा नगरेको सूचना | १६ |
| २०. | कम्पनीले दायित्व पुरा नगरेको भनी प्राधिकरणले सूचना जारी गरे पछिको व्यवस्था | १६ |
| २१. | प्राधिकरणले दायित्व पुरा नगरेको भनी कम्पनीले सूचना जारी गरे पछिको व्यवस्था | १७ |
| २२. | दायित्व पुरा नगरेको सूचना पछिको ब्यबस्था | १७ |
| २३. | सम्झौता रद्द भएको सूचना जारी गरे पछिको व्यवस्था | १७ |
| २४. | सम्झौता रद्द हुने अन्य अवस्था | १८ |
| २५. | प्राधिकरणको उद्घोषण | १८ |
| २६. | कम्पनीको उद्घोषण | १८ |
| २७. | बीमा गर्नु पर्ने | १८ |
| २८. | बीमाको प्रमाण पत्र पेश गर्ने | १९ |
| २९. | विवाद समाधान | १९ |
| ३०. | मध्यस्थता | १९ |
| ३१. | लागु हुने कानून | २० |
| ३२. | सम्झौतामा संशोधन | २० |
| ३३. | बार्षिक प्रतिवेदन | २० |
| ३४. | सम्झौता हस्तान्तरण | २० |
| ३५. | असल नियतले काम गर्ने | २० |
| ३६. | प्राधिकरणले निरीक्षण गर्न सक्ने | २१ |
| ३७. | गोपनियता | २१ |
| ३८. | विविध | २१ |

| | |
|---|---|
| ३९. सम्पर्क ठेगाना | २३ |
| अनुसूची १ | २४ |
| आयोजनाको मुख्य रुपरेखा | २४ |
| अनुसूची २ | २८ |
| बिद्युत शक्ति तथा उर्जा तालिका | २८ |
| अनुसूची ३ | २९ |
| दफा १०.१ को लागि क्षतिपुर्ति रकम निर्धारण गर्ने सुत्र | २९ |
| अनुसूची ४ | ३१ |
| आयोजना निर्माण तालिका | ३१ |
| अनुसूची ५ | ३२ |
| आयोजना स्थलको नक्सा | ३२ |
| अनुसूची -६ | ३३ |
| Connection Agreement | ३३ |

## प्रस्तावना

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको फेदीखोला हाइड्रोपावर कम्पनी प्रा. लि. (यस पछि "कम्पनी" भनिएको) ले भोजपुर जिल्लाको साल्पा सिलिचो गाउँपालिकामा अवस्थित फेदीखोलाको पानीबाट ३,५२० किलोवाट क्षमताको फेदीखोला (थुम्लुङ्ग) जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादनको सर्वेक्षण अनुमति पत्र प्राप्त गरिसकेको र सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गर्ने गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण ऐन २०४१ बमोजिम स्थापना भएको नेपाल विद्युत प्राधिकरण (यस पछि "प्राधिकरण" भनिएको) लाई प्राधिकरणको प्रसारण प्रणाली भएको ठाउंमा पुर्‍याई बिक्री गर्न मन्जुर गरेको, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गरी लिन मन्जुर गरेको र दुबै पक्ष वीच कनेक्सन एग्रिमेन्ट समेत सम्पन्न भइसकेकोले तल उल्लेखित शर्त बन्देजका अधिनमा रही विद्युत शक्ति खरीद-बिक्री गर्न दुवै पक्षको आपसी सहमति र समझदारी अनुसार यो सम्झौतामा हस्ताक्षर गरी दुई/दुई प्रति लियौं/दियौं।

## १. परिभाषा र व्याख्या

१.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा

क) "आयोजना" (Project) भन्नाले फेदीखोलाको पानीबाट ३,५२० किलोवाट क्षमताको विद्युत शक्ति उत्पादन गर्नको लागि अनुसूची १ (आयोजनाको मुख्य रुपरेखा) अनुसार निर्माण भई कम्पनीको स्वामित्वमा संचालन हुने फेदीखोला (थुम्लुङ्ग) जलविद्युत आयोजना सम्झनु पर्दछ।

ख) "विद्युत केन्द्र" (Power Station) भन्नाले विद्युत शक्ति उत्पादन गर्नको निमित्त आयोजना अन्तर्गत भोजपुर जिल्लाको साल्पा सिलिचो गाउँपालिकामा निर्माण हुने फेदीखोला (थुम्लुङ्ग) जलविद्युत आयोजनाको उत्पादन केन्द्र सम्झनु पर्दछ र यस शव्दले सो विद्युत केन्द्रमा जडित टर्वाइन, जेनेरेटर तथा अन्य मेशिन उपकरणहरु समेतलाई जनाउँदछ।

ग) "डेलिभरी प्वाइण्ट" (Delivery Point) भन्नाले आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति कम्पनीले प्राधिकरणलाई उपलब्ध गराउन र प्राधिकरणले सो विद्युत शक्ति लिनको लागि प्रयोग गरिने बिन्दुलाई जनाउँछ। यो बिन्दु मिति २०७५।०१।१२ (April 25, 2018) मा सम्पन्न भएको कनेक्सन एग्रिमेन्टको EXHIBIT-3 (Attachment) र यस सम्झौताको अनुसूची ६ मा देखाइए अनुसार प्राधिकरणको प्रस्तावित खाँदवारी सबस्टेशनको २२० के.भी. बसबार सम्झनु पर्दछ।

घ) "प्रसारण सुविधाहरु" (Interconnection Facilities) भन्नाले आयोजनाबाट उत्पादित विद्युत शक्ति प्राधिकरणलाई उपलब्ध गराउन विद्युत केन्द्रदेखि माथिल्लो ईखुवा जलविद्युत आयोजनाको स्वीचयार्डसम्म ११ के.भी. सिङ्गल सर्किट प्रसारण लाइन र सो स्वीचयार्ड देखि प्राधिकरणको प्रस्तावित खाँदवारी सबस्टेशनसम्म १३२ के.भी. को साझा प्रसारण लाईन कम्पनीबाट निर्माण गरी कनेक्सन एग्रिमेन्टको EXHIBIT-2 & 3 (Attachment) मा देखाइए अनुसारको विद्युत प्रसारण व्यवस्था तथा मिटरिङ्ग सुविधाहरु (CT PT तथा अन्य मिटरिङ्ग सम्बन्धी सामानहरु समेत) लाई सम्झनु पर्दछ।

ङ) "सम्झौता" (Agreement) भन्नाले यो सम्झौता, यस सम्झौतामा समावेश गरिएका अनुसूचिहरु र सो को संशोधनहरु समेतलाई जनाउंदछ।

च) "सेवासंग सम्बन्धित विवेकपूर्ण प्रचलनहरु" (Prudent Utility Practices) भन्नाले नेपालको परिप्रेक्ष्यमा विद्युत सेवासंग सम्बन्धित संस्थाहरुद्धारा प्रयोग गरिने सामान्यतः अन्तराष्ट्रिय स्तरमा स्वीकार्य हुने र विद्युत सेवाका लागि अपनाइने डिजाइन, निर्माण, परीक्षण, संचालन तथा मर्मत तथा संभार सम्बन्धि प्रचलन, तरिका, प्रविधि एवं स्तर सम्झनु पर्दछ।

छ) "व्यापारिक उत्पादन शुरु हुने मिति" (Commercial Operation Date) भन्नाले यस संझौता र कनेक्सन एग्रिमेन्ट अनुसार आयोजना र प्रसारण सुविधाहरु निर्माण सम्पन्न भई कम्पनीले विद्युत केन्द्रमा जडित सवै उत्पादन ईकाइहरुबाट सफलतापूर्वक परीक्षण उत्पादन गरे पछि व्यापारिक प्रयोजनको लागि प्राधिकरणलाई विद्युत विक्री शुरु गरेको भनी समन्वय समितिबाट तोकिएको मिति सम्झनु पर्दछ। यसरी तोकिने मिति आयोजनाबाट प्रथम पटक उत्पादन गरी प्राधिकरणलाई विद्युत उपलब्ध गराएको दिन देखि १५ दिनको सन्तोषजनक परीक्षण उत्पादन सम्पन्न हुनु भन्दा अगाडीको मिति हुने छैन। तर आयोजनाबाट १५ दिनसम्म सन्तोषजनक रुपमा परीक्षण उत्पादन सम्पन्न नभएको खण्डमा थप परीक्षण उत्पादन पछि समन्वय समितिले १५ दिनसम्म सन्तोषजनक रुपमा परीक्षण उत्पादन सम्पन्न भएको भनी निर्धारण गरी अन्य मिति तोक्न सक्नेछ।

ज) "व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति" (Required Commercial Operation Date) भन्नाले कम्पनीले व्यापारीक प्रयोजनको लागि विद्युत शक्ति उत्पादन गरी प्राधिकरणलाई विद्युत विक्री गर्न तोकिएको मिति विक्रम सम्वत २०७९ साल चैत्र १ गते (तद्नुसार मार्च १५, २०२३) वा दफा १५ अनुसारको काबू वाहिरको परिस्थिति उत्पन्न भएमा दुवै पक्षको सहमतिमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने भनी तोकिएको मिति सम्झनु पर्दछ।

झ) "परीक्षण उत्पादन" (Test Generation) भन्नाले यो सम्झौता र कनेक्सन एग्रिमेण्टको प्रावधान अनुसार प्रसारण सुविधाहरुको निर्माण, जडान तथा परिक्षण कार्य सन्तोषजनक रुपमा सम्पन्न भई आयोजनाको उत्पादन इकाईहरुबाट प्रथम पटक विद्युत शक्ति उपलब्ध गराएको दिन देखि व्यापारिक उत्पादन शुरु हुने मिति सम्म आयोजनाबाट तोकिएको गुणस्तरको विद्युत उत्पादन गरी डेलिभरी प्वाइण्टमा सन्तोषजनक रुपमा विद्युत शक्ति उपलब्ध गराउने कार्यलाई सम्झनु पर्दछ।

ञ) "समन्वय समिति" (Co-ordinating Committee) भन्नाले यस सम्झौताको दफा १४ बमोजिम गठन हुने समन्वय समिति सम्झनु पर्दछ।

ट) "उत्पादन इकाई" (Generating Unit) भन्नाले विद्युत केन्द्रमा विद्युत शक्ति उत्पादन गर्न जडित टर्वाइन र जेनेरेटरको सेट सम्झनु पर्दछ।

ठ) "कन्ट्रयाक्ट इनर्जी" (Contract Energy) भन्नाले कम्पनीले आयोजनाबाट उत्पादन गरी प्राधिकरणलाई डेलिभरी प्वाइण्टमा उपलब्ध गराउने भनी अनुसूचि २ अनुसार निर्धारण गरिएको सो अनुसूचिको Table-II को Column H मा उल्लेखित मासिक विद्युत उर्जा (kWh) को परिमाणलाई सम्झनु पर्दछ।

ड) "वित्तीय व्यवस्था समापन मिति" (Financial Closure Date) भन्नाले आयोजनाको Estimated Total Project Cost रकम मध्ये कम्तिमा २०% (बीस प्रतिशत) बराबरको इक्वीटी लगानी रकम ( Equity Investment) को सम्बन्धमा गरिने शेयर धनीहरु बिचको सम्झौता वा कबूलियत ( Shareholders Agreement) को मिति र बाँकी लगानी अर्थात ऋण रकम लगानी गर्ने संस्था/संस्थाहरु तथा कम्पनी बीच सम्पन्न भएको ऋण सम्झौता (Loan Agreement) को मिति मध्ये पछिल्लो मितिलाई सम्झनु पर्दछ।

ढ) "परिवहन शुल्क" (Wheeling Charge) भन्नाले कम्पनीले उत्पादन गरेको विद्युत शक्ति प्राधिकरणको स्वामित्वमा रहेको प्रसारण तथा वितरण प्रणाली मार्फत तेश्रो पक्षलाई विक्री वितरण गर्दा सो प्रसारण तथा वितरण प्रणाली प्रयोग भएबापत कम्पनीले प्राधिकरणलाई बुझाउनु पर्ने प्राधिकरणबाट निर्धारित परिवहन शुल्क सम्झनु पर्दछ।

ण) "आर्थिक वर्ष" (Fiscal Year) भन्नाले श्रावण १ गते देखि आषाढ मसान्त सम्मको बाह्र (१२) महिना सम्झनु पर्दछ।

त) "महिना" (Month ) भन्नाले विक्रम सम्वत् अनुसारको महिनाको पहिलो दिनको १२:०० बजे बाट शुरु भई अर्को महिनाको पहिलो दिनको १२:०० बजे सम्मको अवधि सम्झनु पर्दछ।

थ) "संचालन विधि" (Operating Procedures) भन्नाले यस सम्झौताको आधारमा दफा ८ अनुसार तयार हुने डकुमेन्टलाई सम्झनु पर्दछ ।

द) "सुख्खायाम" (Dry Months) भन्नाले विक्रम सम्वतको मंसीर १६ देखि जेष्ठ १५ सम्मको अवधीलाई सम्झनु पर्दछ ।

ध) "वर्षायाम" (Wet Months) भन्नाले सुख्खायाम बाहेक विक्रम सम्बत अनुसारका अन्य अवधीलाई सम्झनु पर्दछ ।

न) "खरीद दर" (Purchase Price) भन्नाले कम्पनीबाट प्राधिकरणलाई डेलिभरी प्वाइण्टमा व्यापारिक उत्पादन शुरु हुने मिति देखि उपलब्ध गराउने कन्ट्र्याक्ट इनर्जी बापत दफा १२.१ मा तोकिए अनुसारको प्रति किलोवाट घण्टा (kWh) को नेपाली रुपैयामा निर्धारण हुने मूल्यलाई सम्झनु पर्दछ ।

प) "प्राविधिक सीमा" (Technical Limits) भन्नाले यस सम्झौताको अनुसूचि १ र Operating Procedures मा उल्लेख भए अनुसार हुनेछ ।

फ) "तेश्रो पक्ष" (Third Party) भन्नाले कम्पनी र प्राधिकरण बाहेक अन्य संस्था वा व्यक्ति सम्झनु पर्दछ ।

ब) "पक्ष" (Party) भन्नाले प्रसङ्ग अनुसार प्राधिकरण वा कम्पनी वा दुवै लाई सम्झनु पर्दछ ।

भ) "अतिरिक्त उर्जा" भन्नाले अनुसूची २ को Table II को Column E1 मा तोकिएको भन्दा बढी क्षमता वा Column H मा तोकिएको भन्दा बढी परिमाणमा उत्पादन भई डेलिभरी हुने उर्जालाई जनाउछ । तर अतिरिक्त उर्जा सहित डेलिभरी हुने उर्जाको परिमाण Availability Declaration र Dispatch Instruction अनुसारको परिमाण भन्दा बढी हुने छैन ।

म) "मिटरिङ्ग प्वाइन्ट" भन्नाले कनेक्सन एग्रिमेन्टको EXHIBIT-3 (Attachment) मा देखाईए अनुसार मेन तथा चेक मिटरहरु जडान हुने बिन्दुहरुलाई सम्झनु पर्दछ ।

य) "मौजुदा क्षमता" (Available Capacity) भन्नाले दफा ९.६ अनुसार निर्धारण हुने आयोजनाबाट उत्पादन र डेलिभरी हुन सक्ने विद्युत शक्तिलाई सम्झनु पर्दछ ।

र) "काबू बाहिरको परिस्थिति" (Force Majeure Event) भन्नाले दफा १५ अनुसारको अवस्थालाई सम्झनु पर्दछ ।

ल) "Black Start" भन्नाले प्राधिकरणको केन्द्रीय विद्युत प्रणाली (ग्रीड) बाट विद्युत केन्द्र विच्छेद भएको अवस्थामा ग्रिडको सप्लाई बेगर आयोजनाले आफ्नै Auxiliary जेनेरेटरको माध्यम वा अन्य तरिकाबाट मेशिनहरु चलाई डेलिभरी प्वाइन्टमा तोकिएको भोल्टेज लेभलमा विद्युत प्रवाह गर्ने कार्यलाई जनाउनेछ ।

व) "Off Grid Mode मा संचालन" भन्नाले प्राधिकरणको केन्द्रिय विद्युत प्रणाली (ग्रिड) सँग आवद्ध नभएको अवस्थामा आयोजनाबाट विद्युत उत्पादन तथा प्रसारण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

श) "Scheduled Outage" भन्नाले दफा ९.२ अनुसार लिइने Outage लाई सम्झनु पर्दछ ।

ष) "कार्यालय दिन" (Business Day) भन्नाले प्राधिकरणमा बिदा नहुने दिनहरुको कार्यालय समय सम्झनु पर्दछ ।

स) "भौतिक निर्माण कार्य शुरु" (Construction Start) भन्नाले आयोजनाको विद्युत गृह, हेड वर्क्स, डिसिल्टिङ्ग बेसिन, हेडरेस क्यानल, फोरबे, पेन स्टक पाइप, सुरुङ जस्ता मुख्य संरचनाहरुको लागि आवश्यक पर्ने जग्गा र क्याम्पिङ्ग साइटको व्यवस्था गरी यी मध्ये कुनै एक प्रमुख संरचनाको भौतिक निर्माण कार्य शुरु गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ह) "कनेक्सन एग्रिमेन्ट" भन्नाले प्राधिकरण र कम्पनी बीच मिति २०७५।०१।१२ (April 25, 2018) मा सम्पन्न भएको कनेक्सन एग्रिमेण्ट/समझदारी पत्र (Memorandum of Understanding) र सो को संशोधन समेतलाई सम्झनु पर्दछ ।

क्ष) "जडित क्षमता" (Installed Capacity) भन्नाले अनुसूची २ को Table-I मा उल्लेख भए अनुसारको जडित क्षमतालाई सम्झनु पर्दछ ।

त्र) "Availability Declaration" भन्नाले कम्पनीले व्यापारिक उत्पादन शुरु हुने मिति देखिका महिनाहरुको लागि आयोजनाबाट घण्टा घण्टामा उत्पादन गरी डेलिभरी प्वाइन्टमा उपलब्ध गराउन सक्ने बिद्युत उर्जा भनि तोकिएको ढाँचामा प्राधिकरणलाई दिने लिखित सूचनालाई सम्झनु पर्दछ ।

ज्ञ) "पिक आवर" भन्नाले बेलुकी ५ बजे देखि १० बजे सम्म वा प्राधिकरणद्वारा समय समयमा तोकिने उच्च माग हुने बढीमा दिनको ६ (छ) घण्टाको समयावधीलाई सम्झनु पर्दछ ।

कक) "नियमित मर्मत सुधार" भन्नाले सेवासंग सम्बन्धित विवेकपूर्ण प्रचलनहरु सम्मत हुने गरी प्राधिकरणले घटिमा ७ कार्यालय दिनको पूर्व सूचना (लिखित) दिई गरिने मर्मत, सुधार वा विस्तार सम्बन्धी कार्यलाई सम्झनु पर्दछ ।

कख) "Dispatch Instruction" भन्नाले दफा ९.४ मा व्यवस्था भए अनुसार प्राधिकरणको तोकिएको निकायले आयोजनाको संचालनको सम्बन्धमा कम्पनीलाई समय समयमा दिने निर्देशनलाई सम्झनु पर्दछ ।

कग) "Forced Outage" भन्नाले निम्न मध्ये कुनै अवस्था परी उत्पन्न हुने Outage को कारणले प्राधिकरणले आयोजनाबाट उत्पादित विद्युत डेलिभरी प्वाइण्टमा लिन नसकेको अवस्थालाई सम्झनु पर्दछ :

- प्राधिकरणको बिद्युत प्रणालीमा यस आयोजना तथा कनेक्सन प्वाईन्टसम्मका प्रसारण लाईनमा जोडिने अन्य विद्युत केन्द्रहरु बाहेकको कारणले आइपरेको फल्टको कारणले हुने ट्रिपिङ्ग,
- Scheduled Outage वा नियमित मर्मत सुधार अन्तर्गत नपरेका प्राधिकरणद्वारा गरिने अन्य मर्मत सुधारका कार्यहरु ।

तर काबु बाहिरको परिस्थिति परी सोको कारणले हुने Outage लाई Forced Outage मानिने छैन ।

कघ) " आकस्मिक मर्मत संभार" भन्नाले विद्युत केन्द्रमा गडबडी आई संम्भाबित ठूलो दूर्घटनाबाट बच्न विद्युत केन्द्र तत्काल Shutdown गरी मर्मत संभार गर्नु पर्ने अवस्था सृजना भै कम्पनीद्वारा गर्नु पर्ने मर्मत संभारलाई सम्झनु पर्दछ ।

कङ) "कनेक्सन प्वाईण्ट" (Connection Point) भन्नाले आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति कम्पनीले प्राधिकरणलाई उपलब्ध गराउन प्रयोग गरिने प्राधिकरणको बसबार रहने बिन्दुलाई जनाउँछ । यो बिन्दु कनेक्सन एग्रिमेन्टको EXHIBIT-3 (Attachment) र यस सम्झौताको अनुसूची ६ मा देखाइए अनुसार माथिल्लो ईखुवा जलविद्युत आयोजनाको स्वीचयार्डको १३२ के.भी. बसबार सम्झनु पर्दछ ।

१.२ यस सम्झौतामा लेखिएका कुराहरुको व्याख्या गर्दा :

क) एक बचनले बहु बचन र बहु बचनले एक बचनलाई समेत जनाउनेछ ।

ख) दफा भन्नाले सम्झौताको दफालाई जनाउनेछ ।

ग) विक्रम सम्बत अनुसार उल्लेखित मिति र तद्नुसार कोष्ठ भित्र दिइएको अंग्रेजी मितिमा कुनै फरक परेमा विक्रम सम्बत् अनुसारको मिति नै मान्य हुनेछ ।

घ) सम्झौताको दफा र अनुसूची बाझिएमा सम्झौताको दफा बमोजिम हुनेछ ।

ङ) अंक र तद्नुसार कोष्ठ भित्र दिइएको अक्षरमा फरक परेमा अक्षर मान्य हुनेछ ।

च) अनुसूची भन्नाले यस सम्झौताको अनुसूची र सोको संशोधन समेतलाई जनाउनेछ ।

१.३) अनुसूची (Schedules) :
यस सम्झौतामा समावेश भएका निम्न अनुसूचिहरु यस सम्झौताका अभिन्न अंग हुनेछन् ।

| | |
|---|---|
| अनुसूची -१ (Schedule-1) : | आयोजनाका मुख्य रुपरेखा (Salient Features of the Project) |
| अनुसूची -२ (Schedule 2) : | विद्युत शक्ति तथा उर्जा तालिका |
| अनुसूची -३ (Schedule 3) : | दफा १०.१ को लागि क्षतिपूर्ति निर्धारण गर्ने सूत्र |
| अनुसूची -४ (Schedule 4) : | आयोजना निर्माण तालिका |
| अनुसूची -५ (Schedule 5) : | आयोजना स्थलको नक्सा |
| अनुसूची -६ (Schedule 6) : | Connection Agreement |

१.४) कनेक्सन एग्रिमेन्ट यस सम्झौताको एक अभिन्न अंग हुनेछ तर यो सम्झौता र कनेक्सन एग्रिमेन्टका प्रावधानहरु आपसमा बाझिएमा बाझिएको हद सम्म यस सम्झौताको ब्यबस्थाहरु मान्य हुनेछ ।

## २. सम्झौताको अवधी

२.१ यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागु हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।

२.२ सम्झौताको अवधि समाप्त हुनु ६ (छ) महिना अघि देखि छलफल शुरु गरी दुबै पक्षको सहमतिमा सम्झौताको अवधी थप गर्न सकिनेछ ।

## ३. आयोजना संचालन हुनु अघिका कार्यहरु

३.१ कम्पनीले देहायका कागजातहरु देहाय बमोजिमको समयावधि भित्र प्राधिकरणलाई उपलब्ध गराउने छ :

क) आयोजनाबाट परीक्षण शुरु गर्ने समय तालिका र सो परीक्षणका विधिहरु (Test Procedures) परीक्षण शुरु गर्ने मिति भन्दा ३० (तीस) दिन अगावै;

ख) विद्युत केन्द्रमा जडान हुने प्रमुख उपकरणहरुको निर्माताले दिएको स्पेशिफिकेसन (Specification) र त्यसको सुरक्षा व्यवस्था (Protective Scheme and Protective Relay Settings) सम्बन्धि कागजातहरु (Documents) विद्युत केन्द्र प्राधिकरणको विद्युत प्रणाली सँग सिंक्रोनाइज हुने दिन भन्दा ६० (साठ्ठि) दिन अगावै ।

तर उपरोक्त बिबरणहरु मध्ये कनेक्सन एग्रिमेन्ट अन्तर्गत परेका विवरणहरु पुनः पेश गर्नु आवश्यक हुने छैन ।

३.२ आयोजना र प्राधिकरणको नजिकको सव-स्टेशन/विद्युत गृह बीच भ्वाइस तथा डाटा कम्युनिकेशनको लागि व्यापारिक उत्पादन शुरु हुने मिति अगावै आयोजनाको क्षमता, अवस्थिती (Project Location), डेलिभरी भोल्टेज, प्राधिकरणको विद्युत प्रणाली संचालनको आवश्यकता र उपलब्ध प्रविधिहरुको आधारमा दुबै पक्षको आपसी सहमतिमा कंपनीको खर्चमा भरपर्दो संचार प्रणाली स्थापित गरिनेछ । आयोजना तथा प्राधिकरण बिचको संचार प्रणाली भरपर्दो बनाउन एकले अर्को पक्षलाई सहयोग गर्नेछ ।

## ४. आयोजनाको निर्माण एवं परीक्षण

क) आयोजनाको डिजाइन, निर्माण, परीक्षण तथा कमिशनिङ गर्ने सम्पूर्ण जिम्मेवारी कम्पनीको हुनेछ । आयोजनाको परीक्षण तथा कमिशनिङ कार्य गरिंदा प्राधिकरणसंग समन्वय गरी प्राधिकरणको विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्यमा सकेसम्म प्रतिकुल असर नपर्ने गरी गर्नु गराउनु पर्नेछ । आयोजनाको प्रमुख परीक्षण कार्यहरु (Load Throw Test, Black Start



नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY ESTD.1985

Fedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

and Off Grid Mode Operation Test, etc.) प्राधिकरणद्वारा खटाइने इन्जिनियरहरुको रोहवरमा हुनु पर्नेछ । टेष्टिङ्ग तथा कमिशनिङ्ग विधि र समय तालिकाको सम्बन्धमा कम्पनीले प्राधिकरणलाई समय मै जानकारी गराउनु पर्नेछ ।

ख) आयोजनाको परीक्षण तथा कमिशनिङ गर्ने कार्यमा आवश्यकता अनुसार प्राधिकरणले गर्न सक्ने सहयोग कम्पनीलाई गर्नेछ । यसरी सहयोग गर्दा प्राधिकरणको तर्फबाट खटिने कर्मचारीलाई भत्ता सुविधाको व्यवस्था कम्पनीले गर्नेछ ।

ग) आयोजनाको प्रसारण सुविधाहरु, संरचनाहरु र आयोजनामा जडान हुने उपकरणहरु/ प्रणालीहरुको निर्माण जडान गर्ने क्रममा प्राधिकरणको विद्युत प्रसारण तथा वितरण लाइनहरु बन्द गर्नु पर्ने भएमा सो बापत प्राधिकरणको नियमानुसार लाग्ने शटडाउन दस्तुर कम्पनीले प्राधिकरणलाई बुझाउनु पर्नेछ । यस्तो शटडाउन लिएको कारणले विद्युत खरीद-बिक्री सम्झौता भएका अन्य कम्पनीहरुलाई प्राधिकरणले कुनै हर्जाना वा क्षतिपूर्ति तिर्नु पर्ने अवस्था आइपरेमा सोको सोधभर्ना समेत कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ ।

घ) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने बिद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिई सकेपछि साइटको सयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सिमाभित्र रही गरिएका :

क) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणीकरण

ख) Black Start परीक्षण तथा

ग) उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म ब्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाव गरिनेछ :

हर्जाना रकम रु. = ०.०५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधीको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम बिद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको बिद्युत खरीद बापत भुक्तानि गर्नु पर्ने रकमको पचास प्रतिसत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी

गरिने छ ।

तर माथि उल्लेखित हर्जाना सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्यांकन गरी न्यायोचित व्यवस्था गर्न सकिने छ ।

## ५. विद्युत खरीद बिक्री

५.१ (क) काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरीद गर्नु पर्नेछ ।

(ख) काबु बाहिरको परिस्थिति उत्पन्न भएमा खरीद गर्नु पर्ने उर्जाको हिसाव समानुपातिक आधार (Prorata Basis) मा निर्धारण गरिनेछ ।

(ग) कम्पनीले पनि आयोजनाबाट उत्पादित विद्युत शक्ति डेलिभरी प्वाइण्टसम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

५.२ आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्राधिकरणको पूर्व स्वीकृति विना अन्य निकायलाई बिक्री गर्न वा यस्तो अधिकार सुम्पिन पाइने छैन ।

५.३ आयोजनाको परीक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने विद्युत उर्जा बापत प्राधिकरणले कम्पनीलाई कुनै रकम भुक्तानी गर्नुपर्ने छैन ।

## ६. सिन्क्रोनाइज गर्ने सम्बन्धी व्यवस्था

आयोजनाको उत्पादन इकाइहरु प्राधिकरणको विद्युत प्रणाली सँग सिंक्रोनाइज गर्ने सम्बन्धमा संचालन विधि (Operating Procedures) मा व्यवस्था भए अनुसार हुनेछ ।

## ७. Black Start तथा Off Grid Mode मा संचालन गर्ने सम्बन्धी व्यवस्था

क) प्राधिकरणले आफ्नो बिद्युत प्रणालीको आवश्यकता अनुसार आयोजनालाई Black Start गर्न र Off Grid Mode मा संचालन गर्न प्राधिकरणले कम्पनीलाई आवश्यक निर्देशन दिन सक्ने छ । कम्पनीले यस्तो निर्देशनको पालना गरी आयोजना संचालन गर्नेछ ।

ख) दफा ७ (क) अनुसार Black Start गर्न वा Off Grid Mode मा संचालन गर्न दिएको निर्देशन अनुसार कम्पनीले कार्य नगरेमा यसरी कार्य नभएको अवधिको लागि सो अवधिमा प्राधिकरणले लिनु पर्ने बिद्युत नलिए/लिन नसके वापत दफा १०.१ मा जे लेखिएको भए पनि प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्ने छैन ।

ग) दफा ७ (क) अनुसार आयोजनालाई Off Grid Mode मा संचालन गराउनु पर्दा सो सम्बन्धमा आयोजनाको सो बेलाको क्षमता र प्राविधिक सीमाको विचार गरी लोड मिलाउने र अन्य समन्वय गर्ने कार्य प्राधिकरणको हुनेछ ।

घ) दफा ७ (ग) अनुसार प्राधिकरणले उचित प्रकारले समन्वय नगरी दिएको कारणले आयोजना Off Grid Mode मा संचालन हुन नसकेमा वा कम क्षमतामा संचालन भएमा यसरी संचालन हुन नसकेको वा कम क्षमतामा संचालन भएको अवधिको लागि दफा ७ (ख) को प्रावधान लागू हुने छैन ।

## ८. संचालन विधि

८.१ कम्पनीले विद्युत केन्द्रबाट परीक्षण उत्पादन शुरु गर्नु भन्दा ६० (साठ्ठी) दिन पहिले नै यो संझौता र कनेक्सन एग्रिमेण्टका प्रावधानहरुको आधारमा संचालन विधि (Operating Procedures) को मस्यौदा तयार गरी प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

८.२ दफा ८.१ बमोजिम मस्यौदा प्राप्त भए पछि आयोजनाको डिजाईन, प्राधिकरणको विद्युत

प्रणाली र यो संझौताको प्रावधानहरुको आधारमा कम्पनीले पेश गरेको मस्यौदालाई आवश्यकता अनुसार परिमार्जन गरी व्यापारिक उत्पादन शुरु हुने मिति अगावै समन्वय समितिले संचालन विधि (Operating Procedures) को टुंगो लगाउनेछ ।

८.३ आयोजनालाई प्राधिकरणको विद्युत प्रणालीसँग आवद्ध गरी सम्झौताको प्रावधान अनुसार आयोजना र प्रसारण सुविधाहरुको संचालन तथा मर्मत सम्भार गर्दा पालना गर्नु पर्ने विधिहरु (Procedures), Dispatch Instruction र मिटरिङ्ग तथा विलिङ्ग Procedures लगायत सम्झौता कार्यान्वयन सँग सम्बन्धित अन्य कुराहरु संचालन विधिमा उल्लेख हुनेछन् । तर यस संझौता संग बाझिने गरी संचालन विधि (Operating Procedures) मा प्रावधानहरु रहेको अवस्थामा यस सम्झौताका प्रावधानहरु लागु हुनेछ ।

## ९. आयोजनाको संचालन, सम्भार सम्बन्धी अन्य कुराहरु

९.१ कम्पनीले आयोजनाको सञ्चालन तथा मर्मत सम्भार गर्दा यस सम्झौता र यस संझौताको प्रयोजनको लागि गरिने अन्य सहायक संझौता (कनेक्सन एग्रिमेण्ट, संचालन बिधि, बैठक माइन्युटहरु) को अधिनमा रही गर्नेछ ।

९.२ (क) कम्पनीले व्यापारिक उत्पादन शुरु हुने मिति भन्दा ४५ (पैंतालिस) दिन पहिले नै आयोजनाको सम्भार गर्ने र त्यसको लागि विद्युत शक्तिको आपूर्ति बन्द हुने मिति र समय सहितको पहिलो आर्थिक बर्षको Outage तालिका प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ । कम्पनीबाट पेश गरिएको वार्षिक Outage तालिका र प्राधिकरणको Outage तालिकाको आधारमा समन्वय समितिले आवश्यक छलफल गरी व्यापारिक उत्पादन शुरु हुने मिति अगावै पहिलो आर्थिक वर्षको लागि Scheduled Outage को टुंगो लगाउनेछ । त्यस पछि प्रत्येक वर्ष जेष्ठ मसान्त भित्र आगामी १ (एक) आर्थिक वर्ष भित्र पर्ने वार्षिक Outage तालिका प्राधिकरणमा पेश गर्नु पर्नेछ । कम्पनीबाट पेश गरिएको वार्षिक Outage तालिका र प्राधिकरणको Outage तालिकाको आधारमा समन्वय समितिले आवश्यक छलफल गरी दुबै पक्षको Outage सम्बन्धी वास्तविक आवश्यकतालाई विचार गरी आर्थिक वर्ष शुरु हुनु अगावै सो वर्षको Scheduled Outage को टुंगो लगाउनेछ ।

(ख) दुबै पक्षले Outage को अवधी सकेसम्म छोटो हुने गरी मर्मत सुधारको कार्य गर्ने गराउने छ । सामान्यतया विद्युत उत्पादनमा असर पर्ने खालका मर्मत सुधारका कार्यहरु सुख्खा याममा वा पिक आवरमा गरिने छैन ।

(ग) Scheduled Outage मा तोकिएको समय सीमा भन्दा नबढ्ने गरी तोकिएको कार्य सम्पन्न गर्नु पर्नेछ । तर तोकिएको समय सीमा भन्दा कम समयमा कार्य सम्पन्न भएमा तोकिएको मर्मत सुधारका कार्य सम्पन्न गर्न लागेको वास्तविक समयावधीलाई Scheduled Outage को समयावधीको रुपमा निर्धारण हुनेछ ।

९.३ कम्पनीले व्यापारीक उत्पादन (Commercial Operation) शुरु भएको मितिबाट ६ (छ) महिना भित्र आयोजना सम्बन्धी यथार्थ नक्साहरु (As Built Drawings) प्राधिकरणलाई उपलब्ध गराउने छ ।

९.४ आयोजनाबाट विद्युत शक्ति प्राधिकरणलाई प्राप्त हुन शुरु भएपछि Dispatch Instruction जारी गरी उत्पादन (Generation) तल माथि गर्न, तोकिएको समय सम्म बन्द गर्न, Black Start गर्न, Off-grid Mode मा संचालन गर्न वा संचालन सम्बन्धि अन्य निर्देशन दिने अधिकार प्राधिकरणलाई हुनेछ । प्राधिकरणबाट Dispatch Instructions जारी गर्दा प्राधिकरणको बिद्युत प्रणालीको आवश्यकता, Availability Declaration, प्राविधिक सीमा लगायतलाई आधार बनाइनेछ ।

९.५ क) कम्पनीले हरेक महिनाको लागि उपलब्ध हुने बिद्युत शक्ति तथा उर्जा खुलाई तोकिएको ढाँचामा Availability Declaration भरी सो महिना शुरु हुनु कम्तिमा ३० (तीस) दिन अगावै प्राधिकरणको तोकिएको निकाय समक्ष पेश गर्नेछ । यसरी Availability Declaration गरीसकेपछि जलवायु (Hydrology) को कारणले Declaration गरेको विद्युत उर्जामा थपघट हुने देखिएमा कन्ट्रयाक्ट महिना शुरु हुनु कम्तिमा ७ (सात) दिन अगावै संशोधित Availability Declaration पेश गर्न सक्नेछ । प्राधिकरणले पछिल्लो संशोधित Availability Declaration लाई मान्यता दिनेछ । यसरी Availability Declaration पेश नभएमा अनुसूची २ अनुसार Availability Declaration भएको मानिने छ ।

(ख) Availability Declaration को आधारमा हुन आउने मासिक उर्जा कुल कन्ट्रयाक्ट इनर्जी भन्दा बढी वा घटी हुन सक्ने छ । तर Scheduled Outage को कारणले बाहेक वर्षा र सुख्खा दुवै यामहरुमा कन्ट्रयाक्ट इनर्जीको ५० (पचास) प्रतिशत भन्दा घटी हुने गरी Availability Declaration गर्न पाइने छैन । यसै गरी कुनै पनि समयमा जडित क्षमता भन्दा बढी हुने गरी Availability Declaration गर्न पाइने छैन ।

९.६ अनुसूची २ Table II को Column E मा उल्लेख भए अनुसारको क्षमता भन्दा बढी नहुने गरी Availability Declaration मा उल्लेख हुने क्षमताको आधारमा मौजुदा क्षमता निर्धारण हुनेछ । तर Outage अवधिको मौजुदा क्षमता निर्धारण गर्नु पर्दा अनुसूची २ Table II को Column E मा उल्लेख भए अनुसारको वा Availability Declaration मा उल्लेख हुने क्षमता मध्ये जुन घटी छ सो भन्दा बढी नहुने गरी निम्नानुसार मौजुदा क्षमता निर्धारण हुनेछ :

– Outage शुरु हुनु ठीक अगाडी र लगतै पछिको Outage अवधीकै परिमाणको समयावधीको प्रत्येक घण्टा (Clock Hour) को सामान्य अवस्थाको विद्युत डेलिभरीको औषत,

९.७ महिना पुरा हुनु अगाडी नै सो महिनाको कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration बराबरको उर्जा आयोजनाबाट उत्पादन भई प्राधिकरणलाई आपुर्ति भएको अवस्थामा पनि सो महिनाका बांकि दिनहरुमा मौजुदा क्षमता अनुसार कम्पनीले विद्युत उत्पादन गरी प्राधिकरणलाई डेलिभरी गर्ने कार्य जारी राख्नु पर्नेछ ।

९.८ आकस्मिक मर्मत सम्भार गर्नु पर्दा प्राधिकरणले आकस्मिक मर्मत संभारको अवस्था सृजना भएको/नभएको संम्बन्धमा छानबिन गरी आवश्यक निर्णय लिनेछ । यस्तो अवस्था सृजना भएको २४ घण्टाभित्र कम्पनीले प्राधिकरणलाई जानकारी गराउनु पर्ने छ । साथै उक्त मर्मत कार्य सम्पन्न भए पश्चात सो को जानकारी प्राधिकरणलाई गराई प्राधिकरणको Dispatcher संग समन्वय गरेर मात्र विद्युत केन्द्र पुन: संचालनमा ल्याउनु पर्नेछ ।

## १०. विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने

१०.१ (क) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नुपर्नेछ । तर कनेक्सन एग्रीमेन्टको Minutes of Meeting को बुँदा नं. ९ को ९.१.२ मा उल्लेखित निम्नानुसारको अवस्था आइपरेमा प्राधिकरणको भार प्रेषण केन्द्रको निर्देशन बमोजिम आयोजना संचालन गर्नु पर्दा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नुपर्ने छैन ।

क) ईस्वी आ.व. २०२२/२३ देखि २०२४/२५ सम्मको अवधीमा ढल्केवर-मजफ्फरपुर ४०० के.भी. प्रसारण लाइनको दुई सर्किट मध्ये कुनै एक सर्किटमा समस्या आइपरेमा ।

ख) ईस्वी आ.व. २०२२/२३ देखि २०२४/२५ मा ढल्केवर-मजफ्फरपुर ४०० के.भी. प्रसारण लाइन ओभरलोड भएमा ।

ग) ईस्वी आ.व. २०२५।२६ सम्ममा दोस्रो क्रस वोर्डर न्यू बुटवल-गोरखपुर ४०० के.भी. डवल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भई संचालनमा नआएमा ईस्वी आ.व. २०२५।२६ देखि उक्त प्रसारण लाइन संचालनमा नआएसम्म ।

१०.२ कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :

क्षतिपूर्ति रकम,रु.

=[०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा–सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर;

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन ।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

१०.३ सुख्खायामको उर्जा वार्षिक सम्झौता उर्जाको ३० % वा सो भन्दा जतिसुकै बढी उल्लेख गरिएको भए तापनि आयोजना सञ्चालनमा आएपश्चात सुख्खायाममा न्यूनतम ३० % उर्जा आपूर्ति गरेको नपाइएमा क्षतिपूर्ति बापत सुख्खायामको उर्जा ३० % हुने गरी हिसाव गर्दा हुन आउने कूल वार्षिक उर्जाभन्दा बढी आपूर्ति भएको उर्जाबापतको कुनै रकम भुक्तानी गरिने छैन र भुक्तानी गरिसकेको अवस्थामा समेत सो रकम अर्को आर्थिक वर्षको मासिक बिलमा समायोजना गरिनेछ । उल्लेखित क्षतिपूर्तिबापतको रकम निर्धारण निम्न सुत्रको आधारमा गरिनेछः

क्षतिपूर्तिबापत समायोजन गर्नुपर्ने रकम, रु.

= [कूल आपूर्ति गरिएको वार्षिक उर्जा ( (सुख्खायाममा आपूर्ति गरिएको जम्मा उर्जा/०.३०)] × सो आर्थिक वर्षको बर्षायामको विद्युत उर्जा खरीद दर;

तर सुख्खायामको ६ महिनाको उर्जा ३०% नपुगेमा उक्त सुत्रको आधारमा निर्धारण हुने क्षतिपूर्ति र मासिक सम्झौता उर्जा आपूर्ति गर्न नसकेमा सो बापत निर्धारण हुने वर्षभरिको क्षतिपूर्ति रकममध्ये जुन बढी हुन्छ सो रकम समायोजन गरिनेछ ।

१०.४ यस दफा १० मा उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।

## ११. मिटरिङ व्यवस्था

११.१(क) कम्पनीले प्राधिकरणलाई उपलब्ध गराएको विद्युत उर्जा मापनको निमित्त प्राधिकरणको मापदण्ड अनुसार Main Meter सेट (सि.टि.पि.टि.हरु सहित) कम्पनीको खर्चमा विद्युत केन्द्र पहिलो पटक सिन्क्रोनाइज हुने मिति अगावै मिटरिङ्ग प्वाइन्टमा जडान गरिनेछ । मेन मिटर संगै सोही स्पेशिफिकेसन र निर्माताको चेक मिटर जडान गरिने छ । चेक मिटरको खरीद तथा जडान खर्च कम्पनीबाट ब्यहोरिने छ ।

(ख) मेन तथा चेक दुवै मिटरहरु र सि.टि.पि.टि. हरु जडान हुनु अगाडी दुवै पक्षलाई मान्य हुने सुविधा सम्पन्न स्वदेशी अथवा विदेशी मिटर टेष्टिङ्ग प्रयोगशालाबाट तोकिएको गुणस्तर अनुसार भएको प्रमाणित हुनु पर्नेछ । यसरी गरिने टेष्टिङ्ग कार्यमा प्राधिकरणका संबन्धित विभागका ईन्जिनियरले अनिवार्य रुपले Witness गर्नु पर्नेछ । यसरी परिक्षण अवलोकन गर्ने कार्यको आवश्यक खर्च र सो मा खटिने कर्मचारीहरुको भत्ताको ब्यबस्था कम्पनीबाट गरिनेछ ।

(ग) मिटरहरु तथा सि.टी.पी.टी.हरुको स्पेशिफिकेसन प्राधिकरणले तोके अनुसार हुनेछ ।

११.२ प्रत्येक महिनाको पहिलो दिन, जेष्ठ महिनाको १६ गते र मंसीर महिनाको १६ गते १२:०० बजे दुबै पक्षको रोहबरमा मेन तथा चेक मिटरको मिटर रिडिंग गरी तोकिएको ढाँचामा मिटर रिडिंग विवरण तयार गरिनेछ र सोही आधारमा उक्त महिनाको विद्युत उर्जाको बिक्रीको परिमाण निर्धारण गरिनेछ । तर यसरी बिक्रीको परिमाण निर्धारण गर्दा अतिरिक्त उर्जा खरीद गर्नको लागि प्राधिकरणले आदेश (Dispatch Instruction) जारी नगरेको अवस्थामा अनुसूची २ Table II को Column E1 मा उल्लेख भए अनुसारको क्षमता भन्दा बढी क्षमतामा उत्पादन भएको उर्जा कट्टा गरी हिसाब गरिनेछ ।

११.३ कुनै पनि महिना मेन र चेक मिटरले देखाउने उर्जामा ०.२ प्रतिशत भन्दा बढी ०.५ प्रतिशत सम्म भिन्नता देखिएमा दुवै मिटरको औसतको आधारमा बिलिङ्ग हुनेछ र यथाशिघ्र प्राधिकरणको मिटर टेष्टिंङ ल्याव अथवा दुवै पक्षलाई मान्य स्वदेशी अथवा विदेशी प्रयोगशालाले निर्धारण गरे बमोजिम सो महिनाको बिलिंग समायोजन हुनेछ । तर ०.२ प्रतिशत सम्मको फरक हुँदाको अवस्थामा मेन मिटरले देखाउने विद्युत उर्जाको आधारमा बिलिंग हुनेछ । कथंकदाचित दुवै मिटरले देखाउने उर्जामा ०.५ प्रतिशत भन्दा वढि भिन्नता भएमा वा दुवै मिटर एकै समयमा खराब भएमा Operating Procedures मा व्यवस्था भए अनुसार बिलिंग हुनेछ । तर खराव भएको मिटर कम्पनीले ३ महिनाभित्र प्रतिस्थापन गर्नु पर्नेछ ।

११.४ प्राधिकरणले वा कम्पनीले चाहेको बखत जडित मेन तथा चेक मिटरिंग उपकरणहरु टेष्ट गरी आबश्यकता अनुसार Calibration गर्न सकिनेछ । यसरी टेस्टिंङ तथा Calibration गर्दा लाग्ने खर्च मेन मिटर र इन्स्ट्रुमेन्ट ट्रान्सफरमरहरुको हकमा कम्पनीले र चेक मिटरको हकमा प्राधिकरणले व्यहोर्ने छ । कुनै एक मिटर बिग्रंदा वा झिकिंदा दोस्रो मिटर (मेन अथवा चेक) ले देखाएको विद्युत उर्जाको आधारमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

११.५ मेन तथा चेक मिटरहरुमा लगाउने सिल तथा मिटरिंग सम्बन्धि अन्य व्यवस्थाहरु संचालन विधि (Operating Procedures ) मा उल्लेख भए अनुसार हुनेछ ।

११.६ माथि उल्लेख भए अनुसार निर्धारण हुने विद्युत उर्जाको परिमाणबाट कनेक्सन एग्रिमेण्टमा व्यवस्था भए अनुसार लाइन लस कट्टा गरी बांकी हुन आउने उर्जालाई मात्र कम्पनीबाट प्राधिकरणलाई बिकी भएको बिद्युत उर्जा मानिने छ र सोहि अनुसार कम्पनीले प्राधिकरणलाई बील गर्नेछ ।

११.७ (क) कनेक्सन प्वाइन्ट बाहेक अन्य प्वाइन्टबाट दफा ३८.४ अनुसार प्राधिकरणले आयोजनाबाट

उत्पादन भएको विद्युत लिने भएमा यसरी विद्युत लिने प्वाइन्टमा प्राधिकरणको खर्चमा उपयुक्त गुणस्तरको मेन मिटर राख्न आवश्यक हुनेछ र सोही ठाउँमै कम्पनीले चाहेमा मेन मिटरकै स्पेसिफिकेशन र निर्माता अनुसारको चेक मिटर राख्न सकिने छ । यस सम्बन्धी अन्य व्यवस्था संचालन विधिमा उल्लेख भए अनुसार हुनेछ ।

(ख) दफा ११.७ (क) अनुसार प्राधिकरणले अन्य प्वाइन्टबाट बिद्युत लिने अवस्थामा सो बापतको Line Loss को छुट्टै हिसाब गरिने छ ।

## १२. विद्युत खरीद मूल्यदर

१२.१ प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा घण्टा रु ४।८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८।४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुनेगरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खायाम (मंसीर १६ देखि जेष्ठ १५ सम्म) (रु. प्रति युनिट) | वर्षायाम (जेष्ठ १६ देखि मंसीर १५ सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिनादेखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिनादेखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिनादेखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिनादेखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिनादेखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिनादेखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिनादेखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिनादेखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार बार्षिक मूल्य बृद्धि दिई कायम गरिने छ ।



NEPAL ELECTRICITY AUTHORITY ESTD 1985
Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

१२.२ प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

१२.३ मासिक बिलिंग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिंगमा समायोजन गरिनेछ ।

१२.४ व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रबाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

## १३. बिल र भुक्तानी

कम्पनीले प्रत्येक महिनामा अघिल्लो महिनामा उपलब्ध गराएको दफा ११ बमोजिमको विद्युत उर्जा र त्यसं वापतको विद्युत महसुल समेत उल्लेख भएको बिल तोकिएको ढाँचामा प्राधिकरण समक्ष पेश गर्नेछ । प्राधिकरणले बिल प्राप्त भएको ४५ (पैंतालिस) दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्नेछ । उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महसुल भुक्तान नगरेमा सो रकमको वार्षिक ६% (छ प्रतिशत) का दरले हुने ब्याज रकम समेत भुक्तान गर्नु पर्नेछ । कम्पनीले पठाएको बिलमा कुनै विवाद उत्पन्न भएमा वा बिलमा उल्लेखित रकम प्राधिकरणलाई मान्य नभएमा प्राधिकरणले त्यसरी मान्य नभएको रकमका सम्बन्धमा कारण सहित सूचना दिई विवादित रकम कटाई बांकी रकम भुक्तानी दिनेछ । प्राधिकरणले त्यसरी मान्य नभएको विवादित रकमका सम्बन्धमा कम्पनीले बिल पेश गरेको मितिले बढीमा ९० (नब्बे) दिन भित्र दुबै पक्ष बसी आपसी सहमतिबाट विवादको समाधान गरिनेछ । विवाद समाधान भएपछि प्राधिकरणले कट्टा गरेको रकम मध्ये तिर्नु पर्ने ठहर भएको रकम मात्र विवाद समाधान भएको मितिले ७ (सात) कार्यालय दिन भित्र प्राधिकरणले भुक्तानी दिनेछ । यसरी ७ (सात) कार्यालय दिन भित्र सो रकम भुक्तानी नभएमा यस दफामा उल्लेख भए अनुसारको दरमा ब्याज रकम समेत भुक्तानी गर्नेछ । बील पेश गरेको मितिले सात दिन भित्र भुक्तानी पाउन कम्पनीले अनुरोध गरेको अवस्थामा प्राधिकरणले भुक्तानी योग्य बील रकमको तीन प्रतिशत छुट (Rebate) कट्टा गरी सात दिन भित्र भुक्तानी गर्न सक्नेछ । यस विद्युत खरिद संझौता वमोजिम भुक्तानी गर्नु पर्ने रकममा प्रचलित कानून वमोजिम प्राधिकरणले कर कट्टी गर्नु पर्ने भए, सो रकम कट्टी गरेर मात्र भुक्तानी दिईने छ ।

## १४. समन्वय समिति

आयोजनाबाट उत्पादन हुने विद्युत खरीद गर्ने सम्बन्धमा यस सम्झौता बमोजिम हुनु पर्ने कार्यहरुको समन्वय गर्न दुबै पक्षका दुई/दुई जना (आ-आफ्नो पक्षबाट नियुक्त वा मनोनयन गरेका व्यक्ति) प्रतिनिधिहरु रहेको एउटा समन्वय समिति गठन गरिनेछ । यस्तो समन्वय समितिको अध्यक्ष एक/एक आर्थिक वर्षको पालो गरी (तर पहिलो र दोश्रो आ.ब.को अध्यक्ष कम्पनीको हुने) समन्वय समिति आफैले समन्वय समिति सदस्यहरु मध्येबाट चयन गर्नेछ । अध्यक्षले आवश्यकता अनुसार ३ (तीन) महिनामा कम्तिमा एक पटक बोलाए बमोजिम समन्वय समितिको बैठक बस्नेछ । यस सम्झौता अनुसार आयोजनाबाट उत्पादन हुने विद्युत खरीद गर्ने सम्बन्धमा आइपर्ने समस्याहरु, आयोजना परीक्षण गर्ने सम्बन्धी व्यवस्था, मेन तथा चेक मिटर र सो संग सम्बन्धित इन्स्ट्रुमेन्ट ट्रान्सफरमर (सि.टि.पि.टि.)हरु टेष्ट गर्ने, क्यालिब्रेसन गर्ने सम्बन्धि कार्य, सञ्चालन विधि (Operating Procedures) को आवश्यक सुधार, सम्भार कार्यको समन्वय, सुरक्षा सम्बन्धी योजना तथा प्रविधिको पूनरावलोकन, व्यापारिक उत्पादन शुरु मिति तोक्ने, आकस्मिक मर्मत संभार, काबू बाहिरको परिस्थितिबाट उत्पन्न भएको समस्याको सम्बन्धमा चालिने कदमहरु इत्यादि सर्बसम्मतिको आधारमा यो समन्वय समितिले समाधान गर्नेछ । यसरी समस्याको समाधान हुन नसकेमा दफा २९ अनुसार समस्याको समाधान गरिनेछ । समन्वय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समन्वय समिति आफैले तय गर्नेछ ।

## १५. काबु बाहिरको परिस्थिति

१५.१ यस सम्झौताको प्रयोजनको लागि काबु बाहिरको परिस्थिति भन्नाले यस सम्झौताको कार्यान्वयन गर्न देहायको कुराहरु मध्ये सबै वा कुनै घटना घटी कुनै पक्षले आफुले पूरा गर्नु पर्ने काम वा दायित्व पूरा गर्न सम्भव नभएको वस्तुनिष्ट रुपमा प्रमाणित हुने परिस्थिति सम्झनु पर्नेछ :-

(क) दैवी प्रकोप एवं प्राकृतिक विपत्ती (भूकम्प, आगलागी, ज्वालामुखी विष्फोटन, पहिरो, बाढी (अनुसुची १ मा उल्लेख भएको एक सय वर्षको Design Flood Discharge भन्दा बढी), आँधीवेहरी, अनावृष्टि (सरकारी स्तरमा घोषणा भएमा वा आयोजनाको Catchment Area मा हुनु पर्ने औषत वर्षा को आधि भन्दा कम वर्षा भएको भनी सम्बन्धित सरकारी निकायबाट प्रमाणित भएमा), चट्याङ्ग वा अन्य यस्तै कारणले भएको दुर्घटना,

(ख) Radioactive Contamination भएमा,

(ग) कुनै महामारी रोग फैलिएमा,

(घ) लडाई, आन्तरिक विद्रोह, हड्ताल, बन्द वा नाकाबन्दी र यस्तै कारणबाट उत्पन्न विध्वंसात्मक कार्य,

तर यसले कम्पनी, सो संग सम्बन्धित पक्ष वा प्राधिकरणमा हुने बन्द र हड्ताललाई जनाउने छैन ।

(ङ) खण्ड (क) देखि (घ) बमोजिमका कारणले श्रमिक, मालसामानहरु वा सेवा उपलब्ध हुन नसकी आयोजना निर्माण, परिक्षण वा कमिशनिङ्ग र संचालन गर्न नसकेमा ।

१५.२ दफा १५.१ अनुसारको अवस्था उत्पन्न भई काबु बाहिरको परिस्थिति उत्पन्न भएको कुरा दावी गर्नेले अर्को पक्षलाई त्यस्तो परिस्थिति उत्पन्न भएको ७ (सात) कार्यालय दिन भित्र विवरण सहित सूचना गरी सक्नु पर्नेछ । यसरी तोकिएको समय भित्र बिबरण सहितको सूचना नदिएमा काबु बाहिरको परिस्थिती परेको मानिने छैन । त्यस्तै गरी काबु बाहिरको परिस्थिति अन्त्य भए पछि यसरी अन्त्य भएको सूचना समेत अनावश्यक रुपमा ढिलाई नगरी काबू बाहिरको परिस्थिति उत्पन्न भएको कुरा दावी गर्नेले अर्को पक्षलाई दिनु पर्नेछ । काबु बाहिरको परिस्थिति उत्पन्न भएको सूचना दिएको समयमा त्यस्तो अवस्थाको अन्त

भइ सकेको भएमा काबु बाहिरको परिस्थिति उत्पन्न भएको अवधी खुलाई एकै पटक सूचना दिनु पर्नेछ ।

१५.३ दफा १५.२ अनुसार काबू बाहिरको परिस्थिति उत्पन्न भएको सूचना प्राप्त गर्ने पक्षले सो सूचनामा उल्लेख भएको व्यहोरा यस सम्झौताको प्रावधान सम्मत नभएको लागेमा यसरी सूचना प्राप्त भएको मितिले ६० (साठि) कार्यालय दिन भित्र सूचना दिने पक्षलाई लिखित रुपमा जानकारी गराउनु पर्ने छ । यसरी तोकिएको समयभित्र जानकारी दिने काम नभएमा सूचनामा उल्लेख भए अनुसार काबू बाहिरको परिस्थिति सूचना प्राप्त गर्ने पक्षलाई मान्य भएको मानिने छ ।

१५.४ दफा १५.३ अनुसार काबू बाहिरको परिस्थितिका सम्बन्धमा विवाद उत्पन्न भएमा दफा २९ को विवाद समाधानको प्रक्रिया अपनाई विवाद समाधान गरिनेछ ।

१५.५ काबू बाहिरको परिस्थिति उत्पन्न भएको अबस्थामा त्यसको असरलाई कम गर्न र त्यसबाट हुने क्षतिलाई न्युन गर्न वा वैकल्पिक व्यवस्था गर्न दुबै पक्षले एक अर्कालाई सहयोग गर्नु पर्नेछ ।

१५.६ दफा १५.१ मा उल्लेख भए बमोजिमको कुनै कारण परी काबू बाहिरको परिस्थिति उत्पन्न भई कुनै पक्षले यस सम्झौता बमोजिम पुरा गर्नु पर्ने काम वा दायित्व पुरा गर्न ढिलाई भएमा त्यसरी काबू बाहिरको परिस्थितिबाट ढिला भएको अवधि बराबरको समय सो कार्य पुरा गर्न बढाईने छ ।

१५.७ यस सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक काबु बाहिरको परिस्थिति उत्पन्न भई कुनै पक्षले आफूले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न नसके बापत दोश्रो पक्षलाई कुनै क्षतिपूर्ति वा हर्जाना बुझाउनु पर्ने छैन ।

## १६. कम्पनीले दायित्व पुरा नगरेको मानिने अवस्था

देहायको अवस्थामा कम्पनीले पूरा गर्नु पर्ने दायित्व पूरा नगरेको मानिनेछ :

क) दफा ३४ को प्रावधान अनुसार बाहेक कम्पनीले यस सम्झौता बमोजिम पूरा गर्नु पर्ने दायित्वमा असर पर्ने गरी कम्पनीको हक, अधिकार तथा सम्पत्ति मध्ये केही वा सबै हक, अधिकार तथा सम्पत्ति अरुलाई हस्तान्तरण गरेमा ।

ख) यस सम्झौता अनुसार कम्पनीले प्राधिकरणमा बुझाउनु पर्ने कार्य प्रगति प्रतिवेदन नबुझाएमा ।

ग) सम्झौता भएको मितिले २४ (चौबिस) महिना भित्र भौतिक निर्माण कार्य शुरु नगरेमा ।

घ) प्राधिकरणको काम, कर्तव्य तथा दायित्वमा असर पर्ने गरी कम्पनीले प्राधिकरणलाई गलत, असत्य सूचनाहरु प्रवाहित गरेमा ।

ङ) व्यापारिक उत्पादन शुरु भई सकेपछि प्राधिकरणलाई कुनै लिखित पूर्व सूचना नदिई लगातार ७ (सात) दिन वा सो भन्दा बढी अवधि सम्म आयोजनाबाट उत्पादन बन्द भएमा ।

च) यस सम्झौता अनुसार कम्पनीले गर्नु पर्ने अन्य कामहरु मुनासिब कारण विना तोकिएको समय भित्र नगरेमा ।

छ) प्राधिकरणको कारणले वा काबु बाहिरको परिस्थिति परेको कारणले बाहेक अन्य कारणले सुख्खायामको पूरा अवधि भरी नै आयोजनाबाट प्राधिकरणलाई विद्युत उपलब्ध नभएमा ।

ज) प्राधिकरणको कारणले वा काबू बाहिरको परिस्थितीको कारणले बाहेक व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा ।

झ) आयोजनालाई Off Grid Mode मा संचालन गर्न आवश्यक भई सोहि अनुसार प्राधिकरणले दिएको निर्देशन अनुसार कम्पनीले Off Grid Mode मा संचालन गर्न नसकेमा वा नगरेमा ।

ञ) आयोजनालाई Black Start गर्न आवश्यक भई सोहि अनुसार प्राधिकरणले दिएको निर्देशन अनुसार कम्पनीले Black Start गर्न नसकेमा वा नगरेमा ।

ट) कनेक्सन एग्रिमेन्ट अनुसार कम्पनीले गर्नु पर्ने कार्यहरु तोकिएको समयावधि भित्र नभएमा ।

## १७. प्राधिकरणले दायित्व पुरा नगरेको मानिने अवस्था

देहायका अवस्थामा प्राधिकरणले दायित्व पूरा नगरेको मानिनेछ :

क) यस सम्झौता बमोजिम प्राधिकरणले पूरा गर्नु पर्ने दायित्वमा असर नपर्ने गरी प्राधिकरण विखण्डन वा विघटन भएकोमा बाहेक अन्य किसिमले प्राधिकरणको विखण्डन भएमा वा विघटन भएमा ।

ख) यस सम्झौता अनुसार प्राधिकरणले गर्नु पर्ने कार्यहरु तोकिएको समय भित्र नगरी सो को मुनासिव कारणको जानकारी मुनासिब समयभित्र कम्पनीलाई नदिएमा ।

ग) कनेक्सन एग्रिमेन्ट अनुसार प्राधिकरणले गर्नु पर्ने कार्यहरु तोकिएको समयावधि भित्र नभएमा ।

## १८. विघटन वा हक हस्तान्तरण सम्बन्धी व्यबस्था

दफा १६ (क) वा दफा १७ (क) को अवस्था उत्पन्न हुने भएमा त्यस्तो अवस्था व्यहोर्ने पक्ष (पहिलो पक्ष) ले दोश्रो पक्षलाई समयमै सूचना गर्नु पर्नेछ । सूचना पछि दफा १६ (क) वा १७ (क) को अवस्था लागु हुन अगावै दुवै पक्षको आपसी सहमतिबाट नयाँ अवस्थाको सम्बन्धमा उपयुक्त र आवश्यक व्यवस्था गर्न सक्नेछन् । दफा १६ (क) वा १७ (क) को अवस्था लागु हुनु अगावै यस्तो सहमती हुन नसकेमा दोश्रो पक्षले सम्झौता रद्द भएको सूचना (Notice of Termination) दिई यो सम्झौता रद्द गर्न सक्ने छ ।

## १९. दायित्व पुरा नगरेको सूचना

दफा १६ (क), (झ), (ञ) र १७ (क) बाहेक दफा १६ र १७ का अन्य अवस्थाहरु परी कुनै पक्षले दायित्व पुरा नगरेको अवस्था उत्पन्न भएमा अर्को पक्षले दायित्व पुरा नगर्ने पक्षलाई दायित्व पुरा नगरेको व्यहोरा सहितको सूचना (Notice of Default) दिनु पर्नेछ ।

## २०. कम्पनीले दायित्व पुरा नगरेको भनी प्राधिकरणले सूचना जारी गरे पछिको व्यवस्था

२०.१ दफा १६ को (ख), (ग) वा (च) को अवस्था परी दायित्व पूरा नगरेको सूचना जारी भएको अवस्थामा यसरी सूचना जारी भएको मितिबाट ९० (नब्बे) दिन भित्र प्राधिकरणलाई चित्त बुझ्ने गरी त्यस्तो अवस्थाको कम्पनीबाट निराकरण नभएमा प्राधिकरणले सम्झौता रद्द भएको सूचना (Notice of Termination) जारी गरी यो सम्झौता रद्द गर्न सक्ने छ ।

२०.२ दफा १६ को (घ) को अवस्था परी दायित्व पूरा नगरेको सूचना जारी भएको अवस्थामा पहिलो पटकलाई प्राधिकरणले लिखित रुपमा सचेत गराउने र कम्पनीले यस्तो अवस्था दोहरिन नदिने प्रतिबद्धता लिखित रुपमा दिनु पर्नेछ । यस पछि पनि दफा १६ (घ) को अवस्था दोहरिएमा सोको कारणबाट प्राधिकरणलाई पर्न गएको हानी नोक्सानीको हिसाब गरी सो बराबर क्षतिपूर्ति रकम पत्र प्राप्त भएको मितिले ४५ (पैतालिस) दिन भित्र कम्पनीले प्राधिकरणलाई बुझाउनु पर्नेछ । प्राधिकरणले कम्पनीलाई बुझाउनु पर्ने रकमबाट सो रकम कट्टा गर्न पनि सकिने छ ।

२०.३ दफा १६ को (ङ) को अवस्था परी दायित्व पूरा नगरेको सूचना जारी भएको अवस्थामा सो अवधीको कन्ट्र्याक्ट इनर्जीको शतप्रतिशत परिमाणलाई दफा १२.१ अनुसारको विद्युत खरीद दरले हिसाब गरी आउने रकम समेत पत्र प्राप्त भएको मितिले ४५ (पैतालिस) दिन भित्र कम्पनीले प्राधिकरणलाई बुझाउनु पर्नेछ । प्राधिकरणले कम्पनीलाई बुझाउनु पर्ने रकमबाट सो रकम कट्टा गर्न पनि सकिने छ ।



नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY ESTD.1985
Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

२०.४ दफा १६ (छ) को अवस्था परि दायित्व पुरा नगरेको सूचना जारी भए पछि तोकिएको म्याद भित्र दायित्व पुरा गर्न नसक्नुको कारण बारे कम्पनीले दिएको जवाफ प्राधिकरणलाई मुनासिब नलागेमा प्राधिकरणले सम्झौता रद्द भएको सूचना (Notice of Termination) जारी गरि यो सम्झौता रद्द गर्न सक्ने छ ।

२०.५ दफा १६ (ज) को अवस्था परी प्राधिकरणबाट कम्पनीले दायित्व पुरा नगरेको सूचना जारी भएको एक महिना भित्र दायित्व पुरा गर्न नसक्नुको कारण बारे आयोजनाको भौतिक प्रगति विवरण सहित कम्पनीले जवाफ दिनु पर्नेछ । उक्त जवाफ प्राधिकरणलाई मुनासिब नलागेमा प्राधिकरणले सम्झौता रद्द भएको सूचना (Notice of Termination) लिखित रुपमा जारी गरी यो सम्झौता रद्द गर्न सक्ने छ ।

२०.६ दफा १६ (झ) र १६ (ञ) को अवस्था परेमा दफा ७ मा व्यवस्था भए अनुसार हुनेछ ।

२०.७ दफा १६ (ट) को अवस्था परि दायित्व पूरा नगरेको सूचना जारी भएको अवस्थामा यसरी सूचना जारी भएको मितिबाट ९० (नब्बे) दिन भित्र प्राधिकरणलाई चित्त बुझ्ने गरी त्यस्तो अवस्थाको कम्पनीबाट निराकरण नभएमा प्राधिकरणले सम्झौता रद्द भएको सूचना (Notice of Termination) जारी गरी यो सम्झौता रद्द गर्न सक्ने छ ।

## २१. प्राधिकरणले दायित्व पुरा नगरेको भनी कम्पनीले सूचना जारी गरे पछिको व्यवस्था

क) दफा १७ (ख) को अवस्था परी दायित्व पूरा नगरेको सूचना जारी भएको अवस्थामा कम्पनीलाई चित्त बुझ्ने गरी ९० (नब्बे) दिन भित्र प्राधिकरणले त्यस्ता अवस्थाको निराकरण गर्नेछ । सो नभएमा कम्पनीले लिखित सूचना दिई यो सम्झौता रद्द गर्न सक्नेछ ।

ख) दफा १७ (ग) को अवस्था परि दायित्व पूरा नगरेको सूचना जारी भएको अवस्थामा यसरी सूचना जारी भएको मितिबाट ९० (नब्बे) दिन भित्र कम्पनीलाई चित्त बुझ्ने गरी त्यस्तो अवस्थाको प्राधिकरणबाट निराकरण नभएमा कम्पनीले सम्झौता रद्द भएको सूचना (Notice of Termination) जारी गरी यो सम्झौता रद्द गर्न सक्नेछ ।

## २२. दायित्व पुरा नगरेको सूचना पछिको ब्यबस्था

दायित्व पूरा नगरेको सूचना जारी भएपछि यस सम्झौतामा कुनै प्रावधान लागु नहुने भनी उल्लेख भएकोमा बाहेक अन्य अवस्थामा यो सम्झौताको प्रावधानहरु सम्झौता रद्द भएको सूचना (Notice of Termination) जारी नभए सम्म यथावत लागु रहनेछ ।

## २३. सम्झौता रद्द भएको सूचना जारी गरे पछिको व्यवस्था

२३.१ कुनै एक पक्षबाट सम्झौता रद्द भएको सूचना जारी भएपछि अर्को पक्षले आफुलाई चित्त नबुझेमा ३० (तीस) दिन भित्र दफा ३० को प्रावधान अनुसार उपचारको प्रक्रियामा जान सक्नेछ । यसरी तोकिएको अवधि भित्र सम्झौता रद्द भएको सूचना प्राप्त गरेको पक्षले मध्यस्थता मार्फत उपचारको प्रक्रियामा गएको अर्को पक्षलाई लिखित सूचना नदिएमा सम्झौता रद्द भएको मानिनेछ ।

२३.२ सम्झौता रद्द भएको सम्बन्धमा मध्यस्थता समक्ष पेश भएको अवस्थामा सम्झौता रद्द भएको सूचना जारी भएको मिति देखि मध्यस्थताबाट निर्णय नभए सम्मको अवधिको कुनै पक्षको पनि अर्को पक्ष प्रति यस सम्झौता बमोजिमको अधिकार र दायित्व रहने छैन ।

२३.३ यो सम्झौता रद्द भएको सूचना जारी भए पछि आयोजनाबाट उत्पादन हुने विद्युत कम्पनीले तेश्रो पक्षलाई बिक्री-वितरण गर्न चाहेमा प्राधिकरणले प्राविधिक रुपमा सम्भव भएसम्म आफ्नो प्रशारण/वितरण प्रणाली मार्फत परिवहन शुल्क लिई विक्री वितरण गर्नदिन सक्नेछ ।

२३.४ सम्झौता रद्द भइसकेपछि पनि यो सम्झौता रद्द हुनु पुर्व एक पक्षले अर्को पक्षसंग सम्झौता बमोजिम लिनु दिनु पर्ने रैरकम भुक्तानी गर्नु पर्ने दायित्वबाट दुवै पक्ष मुक्त हुनेछैन ।

## २४. सम्झौता रद्द हुने अन्य अवस्था

(क) दुवै पक्षले आपसी सहमतीमा यो सम्झौता जुन सुकै बेला रद्द गर्न सक्नेछन् ।

(ख) नेपालको प्रचलित कानून अनुसार सम्झौता रद्द गर्नु पर्ने अवस्था आइ परेमा यो सम्झौता रद्द हुनेछ ।

(ग) दफा १५ अनुसारको काबू बाहिरको परिस्थिति उत्पन्न भई लगातार १८० (एक सय अस्सि) दिनसम्म सो को निराकरणको प्रयास नभएमा काबू बाहिरको परिस्थिति उत्पन्न भएको सूचना प्राप्त गर्ने पक्षले यो सम्झौता रद्द गर्न सक्नेछ ।

(घ) Connection Agreement/Memorandium of Understanding रद्द वा खारेज भएमा यो सम्झौता स्वतः रद्द हुनेछ ।

(ङ) यस सम्झौताको दफा ३८.२ को अवस्था आइ परेमा यो सम्झौता रद्द हुनेछ ।

## २५. प्राधिकरणको उद्घोषण

प्राधिकरण, देहायका कुरा कम्पनीलाई उद्घोषण गर्दछ :

(क) प्राधिकरण, नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थापित संगठित संस्था हो र प्राधिकरणलाई प्रचलित कानून बमोजिम यो सम्झौताको पक्ष भई सम्झौतामा हस्ताक्षर गर्न र सम्झौताको प्रति आदान प्रदान गर्न चाहिने सबै अधिकार तथा अख्तियार प्राप्त छ ।

(ख) यो सम्झौता गर्न र यस सम्झौता बमोजिमका सबै कामहरु सम्पादन गर्न प्राधिकरणलाई अधिकार प्राप्त छ र त्यसको लागि पूरा गर्नु पर्ने कार्यविधि पूरा गरी सकिएको छ ।

(ग) यो सम्झौता कानूनतः बैध छ र यसमा लेखिएका कुराहरु प्राधिकरणले बाध्यात्मक रुपमा पालना गर्नु पर्नेछ ।

(घ) यो सम्झौतालाई प्रत्यक्षतः प्रतिकूल असर पर्ने गरी प्राधिकरणका नाममा कुनै मुद्दा मामिला कुनै अदालत, सरकारी निकाय वा मध्यस्थता समक्ष पेश वा दर्ता भएको छैन ।

(ङ) प्राधिकरणले यो सम्झौता गर्न पेश गरेका सबै कागजातहरु आधिकारिक (Authentic) र सत्य छन् ।

## २६. कम्पनीको उद्घोषण

कम्पनी, देहायका कुरा प्राधिकरणलाई उद्घोषण गर्दछ :

(क) कम्पनी, कम्पनी ऐन २०६३ अन्तर्गत संस्थापित संगठित संस्था हो र कम्पनीलाई प्रचलित कानून वमोजिम यो सम्झौताको पक्ष भइ सम्झौतामा हस्ताक्षर गर्न र सम्झौताको प्रति आदान प्रदान गर्न चाहिने सबै अधिकार तथा अख्तियार प्राप्त छ ।

(ख) यो सम्झौता गर्न र यस सम्झौता बमोजिमका सबै कामहरु सम्पादन गर्न कम्पनीलाई अधिकार प्राप्त छ र त्यसको लागि पूरा गर्नु पर्ने कार्यविधि पूरा गरी सकिएको छ ।

(ग) यो सम्झौता कानूनतः वैध छ र यसमा लेखिएका कुराहरु कम्पनीले बाध्यात्मक रुपमा पालना गर्नु पर्नेछ ।

(घ) यो सम्झौतालाई प्रत्यक्षतः प्रतिकूल असर पर्ने गरी कम्पनीका नाममा कुनै मुद्दा मामिला, कुनै अदालत, सरकारी निकाय वा मध्यस्थता समक्ष पेश वा दर्ता भएको छैन ।

(ङ) कम्पनीले यो सम्झौता गर्न पेश गरेका सबै कागजातहरु आधिकारिक (Authentic) र सत्य छन् ।

## २७. बीमा गर्नु पर्ने

२७.१. कम्पनीले व्यापारिक उत्पादन शुरु हुने मिति भन्दा अगाडी देहायका सबै कुराहरुको वीमा गरी राख्नु पर्नेछ ।



नेपाल विद्युत प्राधिकरण स्थापित २०१२ NEPAL ELECTRICITY AUTHORITY ESTD.1985

Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

(क) ठेकदारको सबै जोखिमहरु, कुल ठेक्का अंकको मूल्य भन्दा कम नहुने गरी,

(ख) तेस्रो पक्षको दायित्व,

(ग) कामदार तथा कर्मचारीलाई क्षतिपूर्ति दिनु पर्ने रकम र यस्तै अन्य रकम,

(घ) प्रचलित कानून बमोजिम गर्नु पर्ने अन्य बीमा

२७.२. व्यापारिक उत्पादन शुरु भएको मितिले ३ महिना भित्र कम्पनीले आयोजनाको देहाय बमोजिमको बीमा गर्नुपर्नेछ ।

क) आयोजनाको संरचना, मेशिन तथा औंजार तथा उपकरणहरु आयोजनाको पुर्नस्थापना मूल्य भन्दा कम नहुने गरी,

ख) तेस्रो पक्षको दायित्व,

ग) कामदार तथा कर्मचारीलाई क्षतिपूर्ति दिनु पर्ने रकम र यस्तै अन्य रकम,

घ) प्रचलित कानून बमोजिम गर्नु पर्ने अन्य बीमा ।

## २८. बीमाको प्रमाण पत्र पेश गर्ने

कम्पनीले प्रत्येक आर्थिक वर्ष शुरु भएको एक महिना भित्र दफा २७ बमोजिमको बीमा तथा बीमा नवीकरण अद्यावधिक बनाएको प्रमाणपत्र प्रतिलिपि प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ ।

## २९. विवाद समाधान

२९.१ कम्पनी र प्राधिकरण बीच यस सम्झौतामा लेखिएका कुनै कुराका सम्बन्धमा कुनै विवाद उत्पन्न भई समन्वय समितिबाट निराकरण हुन नसकेमा त्यस्तो विवादलाई आपसी समझदारीबाट न्यायसंगत तरिकाले समाधान गर्न दुवै पक्षले एक/एक जना प्रतिनिधि नियुक्त गर्नेछन् ।

२९.२ दफा २९.१ बमोजिम नियुक्त प्रतिनिधिहरुले छलफल शुरु गरेको ३० (तीस) दिन भित्र सो विवाद समाधान गर्न नसकेमा त्यस्तो विवादका सम्बन्धमा विचार गर्न दुवै प्रतिनिधिले आ-आफ्नो कार्यकारी प्रमुख समक्ष पेश गर्नु पर्नेछ । यसरी कार्यकारी प्रमुख समक्ष पेश गरिएकोमा कार्यकारी प्रमुखहरुले आफु कहाँ पेश भएको ४५ (पैंतालिस) दिन भित्र सहमतिमा पुग्नु पर्नेछ । यसरी सहमति हुन नसकेमा सोको ६० (साठ्ठी) दिन भित्र अथवा दुवै पक्षको आपसी सहमति अनुसार कायम भएको समयावधी भित्र कुनै पक्षले अर्को पक्षलाई लिखित सूचना दिई त्यस्तो विवादको विषय मध्यस्थता समक्ष पेश गर्न सक्नेछ ।

२९.३ यस सम्झौताको कार्यान्वयनका सम्बन्धमा उठेको कुनै पनि विवाद सकेसम्म चाँडो न्यायसंगत तरीकाले र असल नियतबाट समाधान गर्न प्रयत्नशील रहन दुबै पक्ष मञ्जुर गर्दछन् । साथै विवाद सँग सम्बन्धित सवै अभिलेख, सूचना र तथ्याङ्क समेत उपलब्ध गराउन दुवै पक्ष मञ्जुर गर्दछन् ।

## ३०. मध्यस्थता

दफा २९ मा उल्लेखित प्रक्रिया बमोजिम विवाद समाधान हुन नसकेमा विवाद उठेको समयमा प्रचलित नेपाल मध्यस्थता सम्बन्धी कानून बमोजिम समाधान गरिनेछ । मध्यस्थताको लागि प्रत्येक पक्षले एक जनाको दरले दुई जना मध्यस्थ नियुक्त गर्ने छन् र यसरी नियुक्त भएका दुई जना मध्यस्थहरुले तोकेको एक जना मुख्य मध्यस्थ हुने गरी तीन जनाको मध्यस्थताको कमिटि गठन हुनेछ । मध्यस्थकर्ता कुनै पनि पक्षको कर्मचारी, सल्लाहकार, प्रतिनिधि (एजेण्ट) भै काम गरिरहेको व्यक्ति वा सम्बन्धित विवादमा स्वार्थ निहित भएको कुनै व्यक्ति हुन सक्ने छैन । प्रत्येक पक्षले आफुले नियुक्त गरेको मध्यस्थकर्ताको पारिश्रमिक आफैले र मुख्य मध्यस्थकर्ता र मध्यस्थताको प्रशासनिक खर्च बराबर व्यहोर्नु पर्नेछ । मध्यस्थताको कार्यालय काठमाडौमा हुनेछ ।

## ३१. लागु हुने कानून

यो सम्झौता प्रचलित नेपाल कानून बमोजिम लागु हुनेछ र सम्झौताको व्याख्या तथा कार्यान्वयन प्रचलित नेपाल कानून बमोजिम नै हुनेछ ।

## ३२. सम्झौतामा संशोधन

यो सम्झौता दुबै पक्षको लिखित सहमति अनुसार मात्र संशोधन गर्न सकिनेछ ।

## ३३. बार्षिक प्रतिवेदन

कम्पनीले आफ्नो लेखा परीक्षण भएको आर्थिक विवरण सहितको बार्षिक प्रतिवेदनको प्रतिहरु प्राधिकरणलाई प्रत्येक वर्ष उपलब्ध गराउनेछ ।

## ३४. सम्झौता हस्तान्तरण

३४.१ कम्पनीले आयोजना निर्माणको लागि बैंक वा वित्तिय संस्थाहरुबाट ऋण लिन सक्नेछ । बैंक वा वित्तीय संस्थाहरुबाट कम्पनीले ऋण लिई आयोजना निर्माण गरेको अबस्थामा कुनै कारणबाट बैंक वा वित्तीय संस्थाले कम्पनीलाई ऋण दिंदा गरेको सम्झौता अनुसार कम्पनीले दायित्व पूरा नगरेको उल्लेख गरी बैंक वा वित्तीय सस्थाले यो सम्झौताबाट कम्पनीले प्राप्त गरेको हक, अधिकार र दायित्व बैंक वा वित्तिय संस्थाको नाममा नामसारी गरी दिन अनुरोध भइ आएमा कम्पनीको हक, अधिकार र दायित्व बैंक वा वित्तिय सस्थाको नाममा हस्तान्तरण गर्न प्राधिकरणले सहमति दिन सक्नेछ ।

३४.२ दफा ३४.१ बमोजिम बैंक वा वित्तीय संस्थाको नाममा कम्पनीको हक, अधिकार र दायित्व हस्तान्तरण भई गएको अवस्थामा बैंक वा वित्तीय संस्थाले त्यस्तो हक, अधिकार र दायित्व प्राधिकरणको स्वीकृतिमा कुनै तेश्रो ब्यक्ति वा संस्था वा कम्पनीलाई हस्तान्तरण गर्न सक्ने छ । तर प्राधिकरणसंग मुद्दा चलिरहेको वा प्राधिकरणले कालो सूचीमा राखेको वा नीतिगत कारणबाट यस्तो स्वीकृति दिन नमिल्ने अवस्थामा बैंक वा वित्तीय संस्थाको अनुरोध बमोजिम त्यस्तो हस्तान्तरणको स्वीकृति दिन प्राधिकरण बाध्य हुने छैन ।

३४.३ यस सम्झौता बमोजिम बैंक वा वित्तीय संस्थाले तेश्रो व्यक्ति वा संस्था वा कम्पनीलाई यो सम्झौताको हक, अधिकार र दायित्व हस्तान्तरण गरिएको अवस्थामा यस्तो तेस्रो व्यक्ति वा संस्था वा कम्पनीसँग हस्तान्तरण अघिको यस सम्झौता बमोजिमको शर्त र प्रक्रिया नै राखि प्राधिकरणले नयाँ सम्झौता गरी लिन दिन सक्ने छ । त्यस्तो सम्झौता पछिको काम कारवाही सोही सम्झौता बमोजिम हुनेछ । तर यसरी सम्झौता गर्दा दुबै पक्षको सहमतिमा कुनै शर्त वा प्रक्रिया परिवर्तन गर्न कुनै बाधा पर्ने छैन ।

३४.४ कम्पनीले ऋण लिई आयोजना निर्माण गरेको अवस्थामा कम्पनीले बैंक वा वित्तीय संस्थालाई बुझाउनु पर्ने त्यस्तो ऋण को साँवा ब्याज वा अन्य कुनै आर्थिक दायित्वको भुक्तानीको लागि बैंक वा वित्तिय संस्थाले प्राधिकरण संग अनुरोध गरेमा यस सम्झौता बमोजिम कम्पनीले प्राप्त गर्ने भुक्तानीको रकम सिधै ऋण दिने अगुवा बैंक वा वित्तिय संस्थाको नाममा प्राधिकरणले भुक्तानी दिन सक्नेछ ।

३४.५ यस सम्झौता बमोजिम बैंक वा वित्तीय संस्थाको नाममा वा बैंक वा वित्तीय संस्थाको अनुरोध बमोजिम कुनै तेस्रो ब्यक्ति, संस्था वा कम्पनीको नाममा यो सम्झौता हस्तान्तरण भएको अवस्थामा पनि हस्तान्तरण अघिको दायित्वबाट कम्पनी मुक्त हुने छैन ।

## ३५. असल नियतले काम गर्ने

३५.१ यो सम्झौता कार्यान्वयन गर्ने र यस सम्झौता बमोजिमको उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य कामहरु गर्ने सम्बन्धमा दुबै पक्षले दुबै पक्षको हित हुने गरी असल नियतले काम गर्ने छन् ।

३५.२ यो सम्झौतामा पूर्वअनुमान गर्न नसकिएको अवस्था पनि आउन सक्नेछ भन्ने कुरा लाई दुबै पक्षले मान्यता दिएका छन् । त्यस्तो अवस्था आईपरेमा दुबै पक्षले असल नियतले सरसल्लाह गरी के गर्ने भन्ने कुराको निष्कर्ष छिट्टै निकाल्ने प्रयत्न गर्ने छन् ।

## ३६. प्राधिकरणले निरीक्षण गर्न सक्ने

प्राधिकरणले पूर्व सूचना दिई आयोजनाको सुरक्षा, तथा दैनिक काममा बाधा नपर्ने गरी आयोजनाको निर्माण, उत्पादन र संचालन सम्बन्धी व्यवस्थाहरुको निरीक्षण गर्न गराउन सक्नेछ ।

## ३७. गोपनियता

यो विद्युत खरीद बिक्री संझौता र यो संझौता अन्तर्गत दुबै पक्ष बीच आदान प्रदान हुने कागजपत्रहरु प्रचलित कानूनको अधिनमा रही दुबै पक्षको सहमति बिना कुनै तेश्रो पक्षलाई प्रकाश गरिने वा जानकारी दिइने छैन ।

## ३८. विविध

३८.१ आयोजनाको निर्माण तथा संचालन सम्बन्धी सम्पूर्ण जिम्मेवारी कम्पनीको हुनेछ ।

३८.२ यो सम्झौता भएको मितिले २४ (चौबिस) महिना भित्र बित्तिय व्यवस्था समापन मिति (Financial Closure Date) पर्ने गरी कम्पनीले आयोजनाको लागि बित्तिय व्यवस्था समापन गर्नु पर्ने अवधि कायम गरिएको छ । यस बमोजिम तोकिएको समयमा आयोजनाको बित्तिय व्यवस्था समापन भएको विवरण सहितको जानकारी प्राधिकरणमा प्राप्त नभएमा यो सम्झौता खारेज हुनेछ र दफा ३८.१५ अनुसार कम्पनीले बुझाएको निशर्त परफरमेन्स जमानत (Performance Guarantee) जफत हुनेछ । तर विद्युत उत्पादनको अनुमति पत्रमा उल्लेखित वित्तीय व्यवस्थाको समय सीमालाई नेपाल सरकारको निर्णयबाट पछि विस्तार गरिएमा यस सम्झौताको हकमा पनि सोही विस्तारित समयसीमा नै कायम हुनेछ ।

३८.३ व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) अगावै कम्पनी विघटन भएमा यो सम्झौताको सिलसिलामा कम्पनीद्वारा प्राधिकरणलाई बुझाइएको Performance Guarantee जफत हुनेछ ।

३८.४ कम्पनीको स्विचयार्डबाट नजिकै पर्ने लोड सेन्टरमा प्राधिकरणले आफ्नो वितरण ट्रान्सफरमर राखि विद्युत वितरण गर्न चाहेमा कम्पनीले सोको लागि आवश्यक सहयोग प्राधिकरणलाई उपलब्ध गराउने छ । यसरी विद्युत लिए बापत दफा १२ र १३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

३८.५ आयोजना निर्माण सम्बन्धी प्रगति प्रतिवेदन कम्तिमा चौमासिक रुपमा कम्पनीले प्राधिकरणलाई उपलब्ध गराउने छ ।

३८.६ कारणबस कम्पनीले आयोजना संचालन गर्न असक्षम भै आयोजनाबाट विद्युत उत्पादन हुन नसक्ने अवस्था भएमा सोको संचालन अभिभारा लिन वा आयोजना खरीद गर्न प्राधिकरण बाध्य हुने छैन ।

३८.७ कम्पनीले विद्युत उत्पादन तथा बिक्री गरे वापत प्रचलित कानून बमोजिम बुझाउनु पर्ने रोयल्टी, कर तथा अन्य दस्तुरहरु कम्पनी आफैले बुझाउने छ ।

३८.८ आयोजना निर्माणको क्रममा तथा आयोजना संचालन-संभारको क्रममा दैवी प्रकोपले गर्दा कुनै क्षति हुन गएमा सो को सम्पूर्ण दायित्व कम्पनीको हुनेछ ।

३८.९ कम्पनीले प्रचलित कानून बमोजिम नेपाल सरकारबाट लिनु पर्ने अनुमति पत्र तथा स्वीकृतिहरु लिई त्यसलाई नविकरण गराउनु पर्ने भए नविकरण गराई अध्यावधिक बनाई राख्नु पर्नेछ । त्यसरी अनुमति पत्र वा स्वीकृति पत्र प्राप्त गर्न प्राधिकरणको सहयोग आवश्यक परेमा प्राधिकरणले उपलब्ध गराउन सक्ने सहयोग उपलब्ध गराउनेछ ।

३८.१० यो सम्झौताका प्रावधानहरु संग नबाझिने गरी कनेक्सन एग्रिमेन्ट अनुसार आ-आफ्नो

पक्षबाट हुनु पर्ने कार्यहरु कनेक्सन एग्रिमेन्ट अनुसार गर्ने गराउने छन् ।

३८.११ कनेक्सन एग्रिमेण्ट अनुसार प्रसारण सुबिधाहरु अन्तर्गत निर्माण हुने सिभिल संरचना तथा बिद्युतिय उपकरणहरुको स्पेशिफिकेशन तथा Drawings कनेक्सन एग्रिमेण्ट गर्ने प्राधिकरणका सम्बन्धित बिभागबाट पूर्व स्विकृति लिई मात्र निर्माण जडान कार्य हुनु पर्नेछ । साथै आयोजनाबाट उत्पादन हुने विद्युत उर्जा प्राधिकरणलाई उपलब्ध गराउन कनेक्सन एग्रिमेण्टको प्रावधान बमोजिम निर्माण गर्नु पर्ने प्रसारण सुबिधाहरु तथा यसका लागि कनेक्सन विन्दुमा गर्नु पर्ने आवश्यक निर्माण कार्यहरुको सम्पूर्ण खर्च कम्पनीले व्यहोर्ने छ ।

३८.१२ यस सम्झौतामा अन्यथा लेखिएको अवस्थामा बाहेक कम्पनीले आयोजनाबाट स्तरीय बिद्युत उत्पादन गरी डेलिभरी गर्ने कार्य निरन्तर रुपमा गर्नु पर्नेछ ।

३८.१३ निर्माताको कारखाना वा प्रयोगशालामा आयोजनाको मुख्य उपकरणहरुको प्रमुख परिक्षण कार्यको अवलोकन (Witness) गर्नको लागि प्राधिकरणले आफ्नो इन्जिनियरहरु/ कर्मचारीहरु खटाउनेछ । यसरी परिक्षण अवलोकन गर्ने कार्यमा खटिने कर्मचारीहरुको आवश्यक खर्च तथा भत्ताको ब्यबस्था कम्पनीबाट गरिनेछ ।

३८.१४ यस सम्झौताको प्रावधान बमोजिम कम्पनीले प्राधिकरणलाई कुनै पनि सूचना दिनु पर्दा कार्यकारी निर्देशकलाई संबोधन गरी बिद्युत ब्यापार बिभाग, ने.बि.प्रा.लाई अनिवार्य रुपमा बोधार्थ दिनु पर्नेछ ।

३८.१५ यो सम्झौता गर्दा कम्पनीले प्राधिकरणमा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ९० (नब्बे) दिन पछिसम्म म्याद कायम रहने गरी बुझाएको रु. २१,१२,०००।- (अक्षेरुपी रु. एक्काइस लाख बाह्र हजार मात्र) को निशर्त परफरमेन्स जमानत (Performance Guarantee) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म आयोजनाको साइटमा भौतिक प्रगति ५० प्रतिशत वा सो भन्दा बढी भएमा उक्त परफरमेन्स जमानत प्राधिकरणले फुकुवा गर्नु पर्नेछ । व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म साइटमा आयोजनाको भौतिक प्रगति ५० प्रतिशत भन्दा कम भएमा उक्त परफरमेन्स जमानत जफत हुनेछ । व्यापारिक उत्पादन शुरु हुनु अगावै कम्पनीको कारणले यो सम्झौता रद्द भएमा वा दफा ३८.२ वा दफा ३८.३ को अवस्था आएमा पनि उक्त बैंक जमानत जफत हुनेछ ।

३८.१६ दफा ३८.१५ मा उल्लेखित आयोजनाको भौतिक प्रगति मापन गर्ने कार्यको लागि आवस्यक विधी र प्रकृया समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३८.१७ कम्पनीले मेन मीटर र चेक मीटरको लागि कम्तिमा Two Core सहितको CT र PT Unit मिटरिङ्ग प्वाइन्टमा जडान गर्नेछ ।

३८.१८ व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रवर्द्धक कम्पनीको अनुरोधमा जलवायु (Hydrology) मा भएको परिवर्तन अनुसार जडित क्षमता भन्दा बढी नहुने गरी दुवै पक्षको सहमतिमा प्रत्येक महिनाको कन्ट्रयाक्ट इनर्जी (Contract Energy) थपघट गर्न सकिनेछ । तर सुख्खा यामको कूल इनर्जी र बर्षा यामको कूल इनर्जी भन्दा बढि हुने गरि कन्ट्रयाक्ट इनर्जी परिवर्तन गर्न पाईने छैन । यस प्रयोजनको लागि कम्पनीले प्रत्येक चौमासिक रुपमा फेदीखोलाको गेजिङ स्टेशनको डिस्चार्ज डाटा प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ ।

३८.१९ (क) आयोजनाको पानीको बहाव (Discharge) घट्न गई विद्युत खरीद बिक्री सम्झौतामा उल्लिखित उर्जा नेपाल विद्युत प्राधिकरण को प्रशारण प्रणालीमा आपूर्ति हुन नसकी प्रभावित भई कन्ट्रयाक्ट इनर्जीको ५० (पचास) प्रतिशत सम्म घटी हुने गरी Availability Declaration गर्दा कम्पनीले देहाय बमोजिमका कागजात/ विवरणहरु संलग्न गरी पेश गर्नु पर्नेछ :

(अ) प्रभावित महिनामा आयोजनाको विद्युत गृहमा जडित प्रत्येक युनिट न्यूनतम ७ (सात)

दिन सन्तोषजनक रुपमा संचालनमा रहेको प्रमाण स्वरुप आयोजनाको दैनिक लगशिट ।

(आ) अन्य थप प्रमाण भएमा सो प्रमाण/विवरण ।

(ख) कम्पनीले उपरोक्त बुँदा ३८.१९(क) बमोजिमका आवश्यक कागजातहरु प्रभावित महीनाको Invoice सँगै प्राधिकरणलाई उपलब्ध गराउनुपर्ने छ ।

(ग) उपरोक्त बुँदा ३८.१९(क) को प्रावधान बमोजिम विद्युत व्यापार विभागले प्रमाण/विवरण जाँच गर्दा कार्यविधिको आशय बमोजिम प्रमाणीत हुन नसकेमा Availability Declaration को तल्लो सीमा वर्षायाम र सुख्खायाममा कन्ट्रयाक्ट इनर्जी को क्रमशः ६० (साठ्ठी) र ९० (नब्बे) प्रतिशत मानी नपुग उर्जाका लागी क्षतिपूर्ति निर्धारण गरीनेछ ।

## ३९. सम्पर्क ठेगाना

एक पक्षले अर्को पक्षलाई सम्पर्क गर्दा निम्न ठेगानामा सम्पर्क गर्नु पर्नेछ । कुनै कारणबस ठेगाना परिवर्तन भएमा सो मितिले १५ दिन भित्रमा जानकारी दिनु पर्नेछ ।

| | |
|---|---|
| श्री कार्यकारी निर्देशक | श्री फेदीखोला हाइड्रोपावर कम्पनी प्रा.लि. |
| नेपाल विद्युत प्राधिकरण | तिनकुने, काठमाण्डौं । |
| दरबारमार्ग, काठमाण्डौ | टे. नं. ९८५१२२१३७२ |
| पो.ब. न.१००२० टे. नं.४१५३००७ | इमेल: |

यो सम्झौता दुवै पक्षको अधिकार प्राप्त अधिकारीहरुबाट तल उल्लेख गरिएका साक्षीहरुको रोहबरमा चार सक्कल प्रतिहरुमा हस्ताक्षर गरी २०७५ साल आश्विन २१ गते (तद्नुसार अक्टोवर ७, २०१८) का दिन नेपाल विद्युत प्राधिकरण, दरबारमार्गमा सम्पन्न भयो ।

| <u>नेपाल विद्युत प्राधिकरणका तर्फबाट</u> | | <u>फेदीखोला हाइड्रोपावर कम्पनी प्रा. लि.का तर्फबाट</u> | |
|---|---|---|---|
| नाम : | जगदिश्वरमान सिंह | नाम : | चन्द्र प्रसाद वास्तोला |
| दर्जा : | उपकार्यकारी निर्देशक<br>योजना, अनुगमन तथा सू.प्र. निर्देशनालय | दर्जा : | अध्यक्ष |
| दस्तखत : | | दस्तखत : | |
| मिति : | २०७५/६/२१ | मिति : | २०७५/६/२१ |
| **साक्षी :** | | **साक्षी :** | |
| नाम : | प्रवल अधिकारी | नाम : | प्रकाशचन्द्र दुलाल |
| दर्जा : | प्रमुख<br>विद्युत व्यापार विभाग | दर्जा : | सञ्चालक |
| दस्तखत : | | दस्तखत : | |
| मिति : | २०७५/६/२१ | मिति : | २०७५/६/२१ |

NEPAL ELECTRICITY AUTHORITY नेपाल विद्युत प्राधिकरण ESTD.1985



Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

## अनुसूची १

## आयोजनाको मुख्य रुपरेखा
## (Salient Features of the Project)

## Phedikhola (Thumlung) Hydropower Project

### 1 Project Location

| | | |
|---|---|---|
| Development Region | : | Eastern |
| Zone | : | Kosi |
| District | : | Bhojpur |
| Intake Site | : | Salpasilicho Gaupalika |
| Powerhouse Site | : | Dobhane |
| *Geographical Co-ordinates* | | |
| Latitude | : | 27°22’13” N and 27°23’00” N |
| Longitude | : | 87°00’29” E and 87°01’32” E |

### 2 General

| | | |
|---|---|---|
| Name of River | : | Phedi (Thumlung) |
| Nearest Town | : | Tumlingtar |
| Type of Scheme | : | R-o-R |
| Gross Head | : | 161.90 |
| Net rated Head | : | 154.84 |
| Installed Capacity | : | 3.52 MW |
| Average Annual Energy after Outage | : | 20.678 GWh |

### 3 Hydrology

| | | |
|---|---|---|
| Catchment Area | : | 58.26 km2 |
| Mean Annual Discharge | : | 2.6 m3/s |
| Design Discharge (at 45%PoE) | : | 2.61 m3/s |
| Riparian Release | : | 299 lps |
| Design Flood Discharge | : | 244.96 m3/s |
| Average Annual Precipitation | : | 1750 mm |

### 4 Diversion Weir

| | | |
|---|---|---|
| Type of Weir | : | Overflow type tyrolean weir |
| Length of Weir | : | 17m |
| Crest Elevation | : | 1103.75 m |
| Undersluice | : | 1 opening with 2m x 2m |

| | | |
|---|---|---|
| Undersluice crest elevation | : | 1100.80m |
| Spillway type | : | Side spillway |
| **5 Intake Structure cum Gravel Trap** | | |
| Type of Intake | : | Side Intake |
| Nos of Opening | : | 2 |
| Size of Intake (W x H) | : | 1.60m x 1.25m |
| Intake Sill Level | : | 1102.0 m |
| Length of Gravel Trap | : | 15m |
| Width of Gravel Trap (Avg.) | : | 2.2m |
| Overall depth | : | 3.7m |
| Particle size to be trapped | : | Greater than 2mm |
| Flushing Channel | : | |
| **6 Approach Canal** | | |
| Type | : | Surface |
| No. of canal | : | 2 |
| Length | : | 32m |
| Size (W x B) | : | 2.2m x 1.4m |
| **7 Desanding Basin** | | |
| Type | : | Dufour |
| Dimension (L x B x H) | : | 50m x 4.5m x 3.0m |
| Inlet Transition Length | : | 8.65m |
| Particle Size to be settled | : | 2mm |
| Trapping Efficiency | : | 90 % |
| **8 Headrace Pipe/Tunnel** | | |
| Type | : | Pipe |
| Internal Diameter | : | 1.3m |
| Length | : | 2006.62m |
| Steel Thickness/Type of Lining | : | Steel lining |
| Nos. of Anchor Blocks | : | 26 |
| **9 Surge Tank/Forebay** | | |
| Type | : | Surface Pipe |
| Effective Height | : | 48m |
| Diameter (Or size) | : | 3m |
| Up Surge Level | : | 1132.55m |
| Down Surge Level | : | 1075.23m |
| Normal Operation Level | : | 1099.807m |

| | | |
|---|---|---|
| **10 Steel Penstock Pipe** | | |
| Type | : | Surface |
| Internal Diameter | : | 1.2m |
| Length | : | 262m |
| Steel Thickness | : | 10 mm to 14mm |
| Nos. of Anchor Blocks | : | 6 |
| Nos. of Saddle Supports | : | 70 |
| **11 Powerhouse** | | |
| Type | : | Surface |
| Size (L x W) | : | 23.0m x 11.4m |
| Height | : | 13.95m |
| Turbine Axis Level | : | 941.85 m |
| **12 Tailrace** | | |
| Type | : | Surface |
| Tailrace Length | : | 39.6m |
| Size (W x D) | : | 2.5m x 0.85m |
| Tailrace Water Level | : | 937.5 m |
| **13 Turbine** | | |
| Type | : | Horizontal axis pelton |
| Number | : | 2 (Two) |
| Rated Output Capacity per unit | : | 1.81 MW |
| Turbine Axis Level | : | 941.85 m |
| Net Head | : | 154.84 m |
| Discharge per Unit | : | 1.305 m3/s |
| Efficiency | : | 91 % |
| **14 Governor** | | |
| Type | : | Electronic speed governor |
| Adjustment for Speed Drop | : | 5 - 10% |
| **15 Generator** | | |
| Type | : | Synchronous, 3 Phase |
| Rated Output Capacity per Unit | : | 2.07 MVA |
| Power Factor | : | 0.85 |
| Voltage | : | 6.3 kV |
| Frequency | : | 50 Hz |
| No of Units | : | 2 (Two) |
| Excitation System | : | Brushless |
| Efficiency | : | 97% |



Nepal Electricity Authority (stamp) — Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073 (stamp)

| | | |
|---|---|---|
| **16 Transformer** | | |
| Type | : | Three Phase Oil immersed, 50 Hz |
| Rated Capacity | : | 5 MVA |
| Voltage Ratio | : | 6.3/11 kV |
| No of Units | : | 1 (One) |
| Vector Group | : | YNd11 |
| Efficiency | : | 99 % |
| **17 Transmission Line** | | |
| Voltage Level | : | 11 kV |
| Length | : | 5 km |
| Conductor Type | : | Dog |
| From | : | PH at Dobhane |
| To | : | Upper Irkhuwa PH at Gothe Bazaarand then common line 132 kV to Khadbari (Tumlingtar) S/S |
| **18 Project Cost Estimate** | | |
| Total Cost of the Project | : | 649.8 Million NRs. |
| **19 Construction Period** | : | 3 years |
| **20 Other:** | : | |

Facilities for Black Start, Off Grid Mode Operation or Local Grid Mode Operation shall be incorporated in the Project.

**Note:** Dimensions given above are approximate values. Dimensions and other minor details given above which do not adversely effect the performance of the Project as required by or envisaged in this PPA, may change during detail engineering and construction phase, provided that such deviations/changes are approved by Coordination Committee.

## अनुसूची २

### बिद्युत शक्ति तथा उर्जा तालिका

**Table I**

| | | | |
|---|---|---|---|
| Installed Capacity (kW) | 3,520 | Rated Turbine Efficiency | 91.00% |
| Design Discharge (m3/s) | 2.61 | Rated Generator Efficiency | 97.00% |
| Min Release (m3/s) | 0.078 | Rated Transformer Efficiency | 99.00% |
| Gross Head (m) | 161.90 | Combined Efficiency | 87.39% |
| Outage + Losses + Self Consumption (%) | | | 5% |

**Table II**

| Month | No. of Days* | River Discharge ($m^3$/sec) | Discharge for Power Generation ($m^3$/sec) | Net Head (m) | Average Power (kW) | Maximum Power (kW) | Monthly Generation before Outage & Losses (kWh) | Outage Including Losses (kWh) | Contract Energy (kWh) |
|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | E | E1 | F | G | H = F - G |
| **Baishakh** | **31** | 1.741 | 1.663 | 157.89 | 2,274 | 3,349 | 1,674,669 | 83,733 | 1,590,935 |
| **Jestha** | **31** | 3.143 | 2.610 | 154.84 | 3,500 | 3,500 | 2,577,613 | 128,881 | 2,448,733 |
| Up to 15th | 15 | | | | | | | | 1,184,871 |
| 16th | 16 | | | | | | | | 1,263,862 |
| **Ashadh** | **32** | 4.649 | 2.610 | 154.84 | 3,500 | 3,500 | 2,660,762 | 133,038 | 2,527,724 |
| **Shrawan** | **31** | 5.049 | 2.610 | 154.84 | 3,500 | 3,500 | 2,577,613 | 128,881 | 2,448,733 |
| **Bhadra** | **31** | 4.874 | 2.610 | 154.84 | 3,500 | 3,500 | 2,577,613 | 128,881 | 2,448,733 |
| **Ashwin** | **31** | 3.841 | 2.610 | 154.84 | 3,500 | 3,500 | 2,577,613 | 128,881 | 2,448,733 |
| **Kartik** | **30** | 2.549 | 2.471 | 155.37 | 3,325 | 3,500 | 2,369,725 | 118,486 | 2,251,239 |
| **Mangsir** | **29** | 1.640 | 1.562 | 158.13 | 2,139 | 3,386 | 1,473,764 | 73,688 | 1,400,075 |
| Up to 15th | 15 | | | | | | | | 724,177 |
| 16th | 14 | | | | | | | | 675,898 |
| **Paush** | **30** | 1.137 | 1.059 | 159.12 | 1,459 | 2,785 | 1,040,118 | 52,006 | 988,112 |
| **Magh** | **29** | 0.858 | 0.780 | 159.51 | 1,077 | 2,543 | 742,353 | 37,118 | 705,236 |
| **Fagun** | **30** | 0.782 | 0.704 | 159.60 | 973 | 2,825 | 693,495 | 34,675 | 658,820 |
| **Chaitra** | **30** | 0.892 | 0.814 | 159.47 | 1,124 | 2,754 | 801,222 | 40,061 | 761,161 |
| **Total** | **365** | | | | | | **21,766,560** | **1,088,328** | **20,678,232** |

नोट: १) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रयाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रयाक्ट इनर्जी निर्धारण गरिनेछ ।

२) संभौताको बुंदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रयाक्ट इनर्जी (Contract Energy) परिवर्तन गर्न सकिनेछ ।

**Table III**

| | | |
|---|---|---|
| सुख्खायाम (१६ मंसीरदेखि १५ जेष्ठसम्म) को कूल इनर्जी (kWh) | 6,565,032 | 31.75% |
| बर्षायाम (१६ जेष्ठदेखि १५ मंसीरसम्म) को कूल इनर्जी (kWh) | 14,113,200 | 68.25% |
| जम्मा **(kWh)** | 20,678,232 | 100.00% |

अनुसूची ३

दफा १०.१ को लागि क्षतिपुर्ति रकम निर्धारण गर्ने सुत्र

NEA shall pay compensation to the Company pursuant to Article 10.1 subject to the conditions specified herein and in accordance with the following formula:

**Compensation Amount (Rs.) =Undelivered Energy × Purchase Price**

Purchase Price is defined in Article 1.
'Undelivered Energy' shall be calculated differently for the case of Forced Outage and for Non-dispatch case as given hereunder:

Case I : *Forced Outage of NEA line(s) occurs which prevent the Project from generating & delivering according to the Available Capacity* :

$$UE = \sum_{i=1}^{n} (UC_i \times PT_i)$$

*to the extent that*
*(ME+UE) is equal to or less than 80% of the smaller of Contract Energy and the energy according to Availability Declaration for the Month;*

Where,

UC = Undelivered Capacity (kW) = Available Capacity – Capacity Delivered
= 0, if negative.
ME = Energy delivered by Company as recorded by the Meter
UE = Undelivered Energy (in the Month) in kWh;
n = Number of Forced Outage in the Month;
PT = Prorated Time in Hours;

$$= \left( \frac{\text{Available Capacity} - \text{Capacity Delivered}}{\text{Monthly Capacity as specified in Column E of Table II of Schrdule 2}} \right) \text{x Forced Outage Hours}$$

Case II : *NEA issues Dispatch Instructions to Project to generate less than the Available Capacity:*

$$UE = \sum_{i=1}^{n} (UC_i \times PT_i);$$

*Where,*

$$UC = (\text{Available Capacity} - \text{the greater of Capacity Dispatched and Capacity Delivered});$$

$$PT = \left( \frac{\text{Available Capacity} - \text{the greater of Capacity Dispatched and Capacity Delivered}}{\text{Monthly Capacity as specified in Column E of Table II of Schrdule 2}} \right) \text{x Nondispatched Hours}$$

Notwithstanding the provisions under both cases given above in this Schedule, Compensation Amount shall be considered equal to zero if and so long as the following conditions hold true:

— the cumulative of PT (Prorated Time) is equal to or less than 'N' hours in the Fiscal Year, where N= 72;

— the dispatched and delivered energy in the month is equal to or greater than 100% of the smaller of Contract Energy and the energy according to Availability Declaration for the Month. In such event, Forced Outage Hours and Nondispatched Hours shall be considered as zero.

Furthermore, the reduction in the delivery of power from the Project shall not be considered for calculation of Compensation Amount if and as long as such reduction is caused by Force Majeure Event or Scheduled Outage or by Company or by Company's contractors;

'Available Capacity' is defined in Article 1.

'Nondispatched Hours' shall mean the duration in hours for which the Project is required to generate power less than the Available Capacity pursuant to a Dispatch Instruction.

Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY

**अनुसूची ४**

**आयोजना निर्माण तालिका**

(Project Construction Schedule)

अनुसूची ४

आयोजना निर्माण तालिका

(Project Construction Schedule)

Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY




Fig. 9.1: Construction Schedule for Phedi Khola (Thumlung) Small Hydropower Project

Figure 9-1: Implementation schedule of Phedi Khola (Thumlung) Hydropower Project

**अनुसूची ५**

**आयोजना स्थलको नक्सा**

**(Project Location Map)**

Phedikhola Hydropower Company Pvt. Ltd. Estd. 2073

नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY


Pichhuwā
Limkhim
Khātahmā
Nāgdaha
3030000N
Dobhāne
Sālewā
Chyāndādā
Gainkharka 3 km
SURGE TANK
DOBHĀNE
27°23'00"N
27°23'00"N
27°00'29"E
27°01'32"E
Tinkhān
Giddhet
HEADRACE PIPE
POWERHOUSE
Kharbānitol
Syāmmā
Phedi Khola
29
Yāmmā
Jhumāgadhī
27°22'30"
27°22'30"
Semmā
1284
Wāseplā
DESANDER
1437
1730
Bhotegāū
27°22'13"N
27°22'13"N
28
1338
HEADWORKS
27°00'29"E
27°01'32"E
2035
Thumlun
Wāseplā
Hāttikharka
1962
1628
1894
1436
1436
Bumdāk
27
2049
Dense mixed forest
1618
1431
1792
2301
2104
2304
26
1679
1806
2465
2434
Guphādādā
2128
DOBHĀNE
2138
2332
2316
2570
2051
2519
2554
2390
2456
Dense mixed forest
2515
2655
2805
27°20'00"
NEPAL ELECTRICITY AUTHORITY
Phedikhola Hydropower Company Pvt. Ltd.